**बाढी पहिरोबाट जोगिन**

- जथाभावी सडक निर्माण र वन विनाशले बाढी पहिरो निम्त्याउँछ ।
- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढी पहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

**आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



kirloskar Oil Engines




अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ साउन २० गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 05 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३८


## २५ सय मेट्रिक टन युरिया मल आइपुग्यो

प्रस, वीरगंज, १९ साउन/

ओमानबाट खरीद गरिएको ३० हजार मेट्रिक टन युरिया खरीद गर्ने सम्झौताअनुरूप पहिलो खेपमा २५ सय



मल लिन पुगेका किसान । तस्वीरः फाइल

हजार मेट्रिक टन युरियामध्ये पहिलो खेपमा २५ सय मेट्रिक टन मल बिहीवार वीरगंज आइपुगेको छ ।

सरकारले ओमान सरकारसँग ३० मेट्रिक टन मल आइपुगेको कृषि सामग्री कम्पनी लि., प्रादेशिक कार्यालय, वीरगंजले जनाएको छ ।

कोलकाताबाट श्रीसिया सुक्खा बन्दरगाह, वीरगंजमा बिहीवार मल आइपुगेको र थप अर्को खेप २५ सय मेट्रिक टन डेढ साताभित्र वीरगंज आइपुग्ने बताइएको छ । ३० हजार मेट्रिक टन मलमध्ये २२ हजार ५०० मेट्रिक टन सुक्खा बन्दरगाहमा आउने र बाँकी सात हजार ५०० मेट्रिक टन विराटनगर नाकाबाट भित्रिने बताइएको छ ।

आज आइपुगेको मलको गुणस्तर परीक्षणको लागि काठमाडौं प्रयोगशालामा पठाइएको र चार दिनपछि रिपोर्ट आउने कृषि सामग्री कम्पनी लि. प्रादेशिक कार्यालय, वीरगंजका प्रमुख चन्द्र चौलागाईंले बताए । कम्पनीको प्रादेशिक कार्यालयमार्फत मधेस प्रदेशका आठ जिल्लासहित वाग्मती प्रदेशका काठमाडौं, काभ्रे, धादिङ, मकवानपुर, सिन्धुली, चितवन, गण्डकी प्रदेशका तनहुँ, पर्वतलगायत १६ जिल्लामा मलको आपूर्ति गर्दै आएको छ ।

अहिले आएको मल साउनको पहिलो सातामा आइपुग्ने कम्पनीले जनाए पनि आउन ढिलो भएको हो । अहिले पर्सैली किसानहरूले धान रोपाइँ सकेर गोडमेलसमेत गरिसकेका छन् ।

## मुख्यमन्त्रीद्वारा सडक शिलान्यास

नितेश कर्ण, वीरगंज, १९ साउन/

मधेस प्रदेशका मुख्यमन्त्री




तस्वीरः प्रतीक

लालबाबू राउत गद्दीले वीरगंज महानगरपालिका-१६ मा सडक निर्माण कार्यको शिलान्यास गरेका छन् ।

वीरगंज महानगर-१६ नगवादेखि साढे चार किलोमिटर लम्बाइको सडक निर्माणको लागि बिहीवार मुख्यमन्त्री गद्दीले शिलान्यास गरेका हुन् । एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम अन्तर्गत सडक शिलान्यास गर्दै मुख्यमन्त्री गद्दीले चालू आवमा कुनै पनि योजना रकम अभावमा अधूरो नरहने बताए । उनले वडा नं १६ का योजनाहरूलाई प्राथमिकतामा राखेर काम गरेको र नगवा युवा क्लबको भवन, मन्दिर, विद्यालय पनि निर्माण गर्ने आश्वासन दिए ।

कार्यक्रममा प्रदेशसभा सदस्य भीमा यादव, वीरगंजका नगरप्रमुख राजेशमान सिंह, जिल्ला समन्वय समिति, पर्साका सभापति अजय सर्राफ, पूर्वसभापति नेकमहम्मद अन्सारी, वडाध्यक्ष परशुराम चौरसिया, विजय यादवलगायत स्थानीयवासीको सहभागिता थियो ।

मधेस प्रदेशको पूर्वाधार विकास मन्त्रालय अन्तर्गत वीरगंज कार्यालयको रेखदेखमा आगामी २०८०/९/८ गते यो सडकखण्डको निर्माण सम्पन्न हुने गरी शिवा कन्स्ट्रक्शन प्रालि, काठमाडौंले छ करोड ५३ लाख ६८ हजारमा ठेक्का सकार गरेको छ ।

असार ९ गते यो ठेक्काको सम्झौता भएको र आज शिलान्यास भएको हो । वीरगंजको लक्ष्मणवा, भिस्वा, नगवा, इनर्वासम्मको सडक निर्माण हुने बताइएको छ ।


## सुबोध स्मृति पुरस्कार पत्रकार देवकोटालाई दिने निर्णय

प्रस, वीरगंज, १९ साउन/

सुबोध स्मृति पुरस्कार वीरगंजका गर्ने निर्णय भएको प्रतीक प्रकाशन समूहले जनाएको छ । रु १० हजारबाट शुरू गरिएको पुरस्कार गत वर्ष ३५ हजार थियो भने भने



गोविन्द देवकोटा



विश्वराज अधिकारी



राधेश्याम पटेल



मोहन दास तत्वा

पत्रकार गोविन्द देवकोटालाई दिने निर्णय भएको छ ।

प्रतीक दैनिकले पत्रकार स्व सुबोध सिंहको स्मृतिमा चौध वर्षदेखि फोटो विधामा पत्रकारलाई पुरस्कार दिंदै आएकोमा यस वर्षदेखि फोटोबाहेकका विधाका पत्रकारलाई पुरस्कार दिने निर्णय गरेको र देवकोटालाई पुरस्कृत

समूहका अध्यक्ष बिन्दु शर्माको अध्यक्षतामा बिहीवार बसेको बैठकले सो निर्णय गरेको हो । आगामी भदौ १ गते प्रतीक दैनिकको ३६औं वार्षिकोत्सवको अवसरमा कार्यक्रमको आयोजना गरी पुरस्कार वितरण गरिनेछ ।

यस वर्षदेखि यो पुरस्कारको राशि बढाएर ५१ हजार रुपैयाँ गरिएको छ । यसपटकदेखि ५१ हजार गरिएको हो ।

यसैगरी, समूहको बैठकले वार्षिकोत्सवमा स्तम्भकार विश्वराज अधिकारी, संवाददाता राधेश्याम पटेल, समूहका कर्मचारी मोहन दास तत्वालाई पनि वार्षिकोत्सवको अवसरमा पुरस्कृत गर्ने निर्णय गरेको छ ।


## पर्साका ग्रामीण छात्राहरूले अहिलेसम्म साइकल पाएनन्

प्रस, सेढवा, १९ साउन/

बेटी पढाउ, बेटी बचाऊ कार्यक्रम अन्तर्गत पर्साको ग्रामीण क्षेत्रका अधिकांश छात्राले साइकल पाएका छैनन् ।

शैक्षिक सत्र २०७७ मा कक्षा ८ उत्तीर्ण गरेका छात्राहरूले साइकलको लागि कूपन पाएको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि नपाएको सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरूले बताएका छन् ।

साइकल पाउने छात्राहरूको आवश्यक कागजात बुझाइ मुख्यमन्त्री गद्दीका स्वकीय सचिव दीपक यादवको


श्री वितो महतो जनता माध्यमिक विद्यालय
जीतपुर नौकाटोला, पर्सा (नेपाल)
स्था. वि.सं. २०५० साल
पत्र संख्या:- 2068/069
चलानी नम्बर:- 38
मिति: 2068/8/13
विषय :-
प्रधानाध्यापक

हस्ताक्षरसहितको कूपन पाएको श्रीराम चरित्र भक्त मावि, पकहामैनपुरका प्रधानाध्यापक छोटेलाल प्रसादले जनाए । ऊँ सत्य साइँ ट्रेडर्स वीरगंजको नाममा रहेको कूपन लिई साइकल लिन जाँदा साइकल सकिएको भन्दै नदिएको प्रअ छोटेलाल प्रसादले बताए । ८९ वटा साइकलको कुपन रहेकामा हालसम्म नपाएको प्रअले बताए ।

आर्थिक वर्ष २०७७/७८ मा १२ वटा सामुदायिक विद्यालयका ५८० जना छात्राले साइकल पाउने गरी उनीहरूको कागजात पठाइएको थियो । बितो महतो जनता मावि, जीतपुर, नौकाटोलामा ४२, नेरा आधाभूत विद्यालय, कठकुइया, वसन्तपुरमा २१, सरस्वती आधारभूत विद्यालयमा २२, शारदा मावि, बहुअरी सुगौलीमा ११०, मावि भिखमपुर पिपरा, मावि बगही, दीपनारायण नमूना मावि, औराहा, पंचगावाँमा गरी ५८० जना छात्राले साइकलको कूपन पाएका थिए ।

जीराभवानी गाउँपालिका वडा नं ३ स्थित बितो महतो जनता मावि, जीतपुर, नौकाटोलाका प्रधानाध्यापक रामाशङ्कर चौधरीका अनुसार सम्पूर्ण प्रक्रिया पूरा गरी साइकलको लागि मुख्यमन्त्रीको कार्यालयसम्म गए पनि नपाएको बताए ।

यसैगरी, दीपनारायण मावि, औराहाका प्रअ शिवनाथ महतोले साइकल पाएको भरपाई दिएको तर अहिलेसम्म साइकल नदिएको गुनासो गरे ।

## सन्तोषजनक काम नगरेको कारण सिम्रौनगढ नपामा प्रमुख प्रशासकीय अधिकृत फेरिए

प्रस, सिम्रौनगढ, १९ साउन/

बाराको सिम्रौनगढ नगरपालिकामा बिहीवार प्रमुख प्रशासकीय अधिकृत फेरिएका छन् ।

वरिष्ठ कर्मचारी वीरेन्द्र साहलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको छ ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जयसवालले सन्तोषजनक काम नगरेको नगरप्रमुख किशोरीप्रसाद कलवारले बताए ।

त्यस्तै, सिम्रौनगढ नगरपालिका कार्यालयको स्वीकृत दरबन्दीमा वरिष्ठ कर्मचारी रहेको तथा विगतमा पनि सोही नपामा निमित्त प्रमुख प्रशासकीय अधिकृत भई कामकाज गरेकाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अर्को व्यवस्था नहुन्जेलसम्म साहलाई प्रमुख




प्रशासकीय अधिकृत तोकिएको हो ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत जयसवालले वरिष्ठताको सवालमा अदालतमा मुद्दा चलिरहेको र अदालतको निर्णय नआई लिइएको निर्णयले वैधता नपाउने बताए ।

## भारतबाट नाबालिकाको उद्धार



नितेश कर्ण, वीरगंज, १९ साउन/

भारतको रक्सौलबाट एकजना नाबालिकाको उद्धार गरेर परिवारजनको जिम्मा लगाइएको छ ।

बुधवार साँझ रक्सौल आर्केस्ट्राबाट नेपाली नाबालिकाको उद्धार गरिएको हो ।

चलचित्रमा काम लगाइदिने प्रलोभन देखाएर नाबालिकालाई मझोलियाको आर्केस्ट्रामा पुऱ्याइएको रक्सौलका इन्स्पेक्टर मनोजकुमार शर्माले बताए । नाबालिकालाई बेतियानजीकैको आर्केस्ट्राबाट उद्धार गरिएको इन्स्पेक्टर शर्माले बताए ।

राष्ट्रिय बाल अधिकार संरक्षण आयोग दिल्ली, मिशन मुक्ति फाउन्डेशन, बाल कल्याण समिति, चाइल्ड लाइन बेतिया, बेतिया महिला थाना प्रभारी, मधोलिया सेन्टिनेल चौकीको सहकार्यमा नाबालिकाको उद्धार गरिएको थियो ।

## विचारसार र सूक्तिहरू

**एउटा सुन्दर हृदय, लाखौं सुन्दर अनुहारभन्दा बढी महत्त्वपूर्ण हुन्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# पार्टी सदस्यता र कर्मचारी


**नेपालको संविधान २०७२ ले राजनीतिक दलसम्बन्धी व्यवस्था गरेको छ। संविधानको भाग २९ तथा धारा २६९ मा "...कानूनको अधीनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधरणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सोको प्रयोजनका लागि अन्य आवश्यक काम गर्न सक्नेछ" भनिएको छ। सोही व्यवस्था बमोजिम राजनीतिक दलसम्बन्धी ऐन, २०७३ निर्माण भएको हो। उक्त ऐनको परिच्छेद–३ तथा दफा–१४ को उपदफा २ मा दलको सदस्यता वितरण गर्दा सदस्यता प्राप्त गर्ने व्यक्तिको योग्यता उल्लेख छ। उक्त उपदफाको खण्ड (ग)मा राजनीतिक दलको सदस्यता प्राप्त गर्ने व्यक्ति 'नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको' हुनुपर्ने स्पष्ट लेखिएको छ। संविधान जारी भएको सात वर्ष पुग्न लाग्यो। सर्वसाधारणलाई संविधानबारे जानकारी गराउनुभन्दा पनि जानकारहरूबाटै संविधान मिचिने क्रम जारी छ।**

**केही दिन पहिले नेकपा एमाले केन्द्रीय अर्थ तथा योजना समितिका सदस्य एम अधिकारीबारे राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको नाम जोडेर निकै चर्चा चल्यो। एम अधिकारी को हुन् ? चासो दिने नै हो भने पत्ता लगाउनु ठूलो कुरा होइन। सत्तासीन गठबन्धनले एम अधिकारी भनेको गभर्नर नै हुन् भनेर ठोकुवा गरेपछि एमालेले पनि जवाफमा कर्मचारीको लामै सूची सार्वजनिक गऱ्यो। मुलुकको उच्च प्रशासनिक ओहोदामा आसीन अधिकारीहरू राजनीतिक दलका सदस्य रहेको कुरा यसपटकको आरोप–प्रत्यारोपले छताछुल्ल पारेको छ। हुनत एम अधिकारीबारे दाबी गर्नेहरूले पनि वास्तविकता पहिचान गर्नुभन्दा उक्त मुद्दालाई आफ्नो सङ्गठनका सदस्यहरूलाई जमघट गराउने र सडक तताउने बहानाको रूपमा मात्रै प्रयोग गरेको पाइयो। 'राजनीतिक दलसम्बन्धी ऐन' अनुसार राजनीतिक दलको सदस्यता प्राप्त गर्ने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्नुपर्ने हुन्छ। आफ्ना पार्टी सदस्यको सम्पूर्ण विवरण सुरक्षित राख्ने र अद्यावधिक गर्ने दायित्व सम्बन्धित पार्टीको हो। आयोगले मागेको बखत कुनै पनि बेला त्यो विवरण आयोगमा बुझाउनुपर्छ। एमालेको विधान २०४९ को धारा १७ उपधारा २ मा केन्द्रीय विभाग गठन गर्ने व्यवस्था छ। सो अनुरूप उक्त पार्टीको नियमावली २०५७ को नियम १५ उपनियम १ ले केन्द्रीय तहमा गठन हुने ३३ वटा विभागमध्ये सबैभन्दा महत्त्वपूर्ण अर्थात् 'क' नम्बरको वरीयतामा अर्थ तथा योजना विभाग राखेको छ। साँच्चिकै छानबीन गर्ने हो भने पार्टीको यति महत्त्वपूर्ण नेता को हुन् ? आयोगमार्फत पत्ता लगाउन कुनै समस्या छैन।**

**संविधान निर्माण गर्ने दलहरू नै संविधान मिच्न प्रतिस्पर्धामा छन्। एउटा औंला अरूलाई देखाउँदा तीनवटा औंला आफूतर्फ फर्कने भएपछि उनीहरू 'तैं चुप मै चुप'को अवस्थामा छ। यसैबीच निर्वाचन आयोगले राजनीतिक दलको सदस्यता वितरण र आवधिक गर्ने सम्बन्धमा यही साउन १५ गते जारी गरेको विज्ञप्तिले राजनीतिक दल र नेता तथा कर्मचारीहरूमा ठूलै हलचल पैदा गरेको छ। कर्मचारी राजनीतिक दलको सदस्य बन्न नहुने कुरा विज्ञप्तिमा स्पष्ट छ। यो मान्य हो भने कुनै पनि कार्यालयमा हुने राजनीतिक हस्ताक्षेप न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुग्न सक्छ।**

# वंशवाद नै श्रीलङ्काको पतनको प्रमुख कारण

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**परिवारवाद, निरङ्कुशता, अवसरवाद र भ्रष्टाचारले अपेक्षाकृत राम्रो देशलाई पनि बर्बाद गर्न सक्दछ तथा बलियोभन्दा बलियो शासक पनि देश छोड्ने अवस्था आउन सक्दछ। बहुसङ्ख्यक जनताको भावनात्मकरूपमा शोषण गर्ने राष्ट्रवाद अन्ततः हानिकारक नै साबित हुने गर्दछ।**

वंशवादी अथवा परिवारवादमा आधारित राजनीतिको परिणति कति घातक हुन सक्छ, यसको उदाहरण हेर्न अन्त जानुपर्दैन। दक्षिण एशियाली देश श्रीलङ्का यसको ज्वलन्त प्रमाण हो। श्रीलङ्काको दुरवस्था र सङ्कटग्रस्त आर्थिक परिस्थितिको निम्ति त्यहाँका शासक नै प्रमुखरूपमा जिम्मेवार हुन्। राजपाक्षे परिवारका चार दाजुभाई र तिनका सन्तानले शासनको पूरै बागडोर आफ्नो हातमा लिएका थिए। उनीहरूले देशको शासन पारिवारिक कारोबारजस्तै सञ्चालन गरिरहेका थिए। हामी नेपालीहरूले जहानियाँ राणा शासन, तत्पश्चात् सक्रिय राजतन्त्रको समय स्मरण गर्दा हुन्छ। राजपाक्षे दाजुभाइ नै ठूलठूला परियोजना सञ्चालन गर्दथे। यस्ता खाले अव्यावहारिक परियोजनाहरूको निम्ति जथाभावी ऋण काढ्ने काम भइरह्यो फलस्वरूप देश आर्थिकरूपले कङ्गाल हुन पुग्यो। दुई दशकसम्म श्रीलङ्काको शासनसत्तामा वर्चस्व कायम गर्दै आएको राजपाक्षे परिवारले झिटीगुन्टासहित रातारात देश छाड्नुपऱ्यो। वंशवादको राजनीति चाहे जसको होस् अथवा जुनसुकै शासन प्रणालीमा होस्, यसको परिणति दुःखद र डरलाग्दो मात्र हुन्छ। परिवारवादकै कारण भ्रष्टाचार संस्थागत हुन पुग्दछ। हिजो राणा र राजाको परिवारवाद खराब थियो भने लोकतन्त्र र गणतन्त्रमाथि विश्वास राख्ने नेताहरूले स्थापित गरिरहेको वंशवाद त्योभन्दा सयौं गुणा बढी हानिकारक साबित भइरहेको छ। नेपालका राजनीतिक दलका नेताहरूले यसरी नै परिवारवादलाई संरक्षण, समर्थन र प्रोत्साहन गर्दै रहे भने नेपालको अवस्था श्रीलङ्काभन्दा पनि दयनीय हुन सक्दछ।

श्रीलङ्कामा इन्धन, खाद्यान्न, औषधि तथा बिजुलीको अभावका कारण जनता आक्रोशित भई विरोध प्रदर्शन गर्न सडकमा मात्रै आएनन् राष्ट्रपतिको निवासमा समेत कब्जा जमाए। जनताको उग्र विरोध प्रदर्शनका कारण राजपाक्षे वंशको तानाशाही, भाइ–भतिजावाद र अहङ्कार समाप्त गर्ने काम भयो। राजपाक्षे परिवारको अहङ्कारका कारण श्रीलङ्का अन्तहीन आर्थिक दुष्चक्रमा फस्न बाध्य भएको छ, जसबाट तत्काल राहत पाउन उसले धेरैथोक गर्नुपर्नेछ। सङ्कीर्ण राष्ट्रवादको नशामा जनतालाई लठ्याउने अवसरवादी राजनीतिज्ञहरूको धूर्तताको पहिचान गर्नु आवश्यक हुन्छ। नेपालमा पनि श्रीलङ्काजस्तै राष्ट्रवादको नारा यहाँको राजनीतिमा सर्वाधिकरूपमा सफल हुने गरेको पाइन्छ।

राष्ट्रपति राजपाक्षे परिवारको शक्ति निरन्तर बढ्दै गयो। यसको निम्ति २०२० मा संविधान संशोधनसमेत गरियो। उनले नागरिक स्वतन्त्रताको दमन गरे। चीनसित मित्रताको पर्याप्त लाभ उठाए। यति हदसम्म कि आफ्नै देशलाई ऋणको जालोमा फसाउने काम गरे। नेपालका वामपन्थीहरू पनि चीनसित ऋण काढ्नुलाई नै नेपाली राष्ट्रवादको परिभाषा ठानिरहेका छन्। राजपाक्षे वंश अथवा परिवारको सत्ताबाट नाटकीय पतन विश्वभरिका ती सबै राजनीतिज्ञहरूको निम्ति एउटा ठूलो चेतावनी हो, जो आफ्नो देशको सरकार तथा पार्टी सङ्गठनमा वर्चस्व त जमाएका हुन्छन् तर जवाफदेही र सुशासनसित कुनै सरोकार राख्दैनन्। एशियादेखि ल्याटिन अमेरिकामा समेत यस्ता अनेकौं परिवार छन्, जो आफ्नो देशको सरकारलाई पारिवारिक मामिला र राजनीतिक दललाई पारिवारिक सम्पत्ति ठान्दछन्। राजपाक्षे परिवारको कुरा गर्ने हो भने महिन्द्रा राजपाक्षे यस राजनीतिक साम्राज्यका सूत्रधार थिए। एक दशकसम्म श्रीलङ्काको राष्ट्रपति रहेका उनले बडो कठोरतापूर्वक शासन सत्ता चलाए। सन् २०१५ को निर्वाचनमा पराजय भोगेपछि उनको परिवारलाई सत्ताबाट टाढिनुपरेको थियो। यस अवधिमा नयाँ सरकारले संसद्बाट राष्ट्रपतिको कार्यकाल केही सीमित पार्ने काम गऱ्यो। यसले गर्दा महिन्द्राका भाइ तथा उनको सरकारको पालामा रक्षामन्त्री रहेका गोटाबायालाई राष्ट्रपतिको प्रत्याशी बनाउनुपऱ्यो। यसको निम्ति गोटाबायोले आफ्नो अमेरिकी नागरिकता परित्याग गरेका थिए। सन् २०१९ मा राष्ट्रपति भएपछि गोटाबायाले आफ्ना दाइ महिन्द्रा राजापाक्षेलाई प्रधानमन्त्री नियुक्त गरे। महिन्द्राले पनि आफ्ना दुई छोरा, दुई भाइ तथा भतिजालाई सरकारमा स्थान दिए। यस परिवारको अचानक अवसान भएका कारण पनि आश्चर्यको विषय रह्यो कि राजपाक्षेले आफ्नो पहिचान जातीय (सिंहली) राष्ट्रवादीको रूपमा बनाएका थिए। उनले आफूलाई बहुसङ्ख्यक सिंहलीको हितका एकमात्र संरक्षक दाबी गर्दै आएका थिए। उनले श्रीलङ्कामा २६ वर्षदेखि जारी गृहयुद्धको क्रूरतापूर्वक दमन गरेका थिए। त्यति बेला महिन्द्रा राष्ट्रपति तथा गोटाबाया रक्षामन्त्री थिए। त्यति बेला अन्तर्राष्ट्रिय स्तरमा युद्धस्तरको निम्ति आलोचनाका बावजूद दुवैजना सिंहलीका निम्ति नायक साबित भए। लिट्टेलाई सिध्याउने अभियानमा महिन्द्रालाई गोटाबायाले पूरा समर्थन गरेका थिए।

अल्पसङ्ख्यक तमिलको दमनबाट मुक्ति पाएर बहुसङ्ख्यक सिंहली खुशी थिए। अमेरिकाको क्यालिफोर्नियामा रहेका गोटाबायामाथि युद्ध अपराधको मुद्दा पनि दर्ता भएको थियो। दाजुभाइ मिलेर लिट्टेको क्रूरतापूर्वक दमन त गरे तर त्यसको दुष्प्रभाव रोक्नु सम्भव थिएन। हिन्दू बहुसङ्ख्यक तमिल समुदाय आफूलाई झन् बढी उपेक्षित र असहाय महसूस गर्न थाल्यो। मुस्लिम समुदायसित पनि विभाजनको फाटो बढ्दै गयो जसको जनसङ्ख्या श्रीलङ्कामा दश प्रतिशत जति रहेको छ। यसले गर्दा त्यहाँ इस्लामिक आतङ्कवादको बीजारोपण हुन गयो। सन् २०१९ मा इस्टरको अवसरमा भएको एक आक्रमणमा २७७ जना मारिए। यो विश्वकै डरलाग्दो आक्रमणमध्ये एक थियो। यस आक्रमणाले राजपाक्षे परिवारलाई एकपटक फेरि पनि सिंहली राष्ट्रवादको नारा दिन उत्प्रेरित गऱ्यो। राजपाक्षे परिवारले श्रीलङ्कामा जातीय र धार्मिक विद्वेष फैलाएर आफ्नो राजनीतिक वर्चस्व बढाउने काम गऱ्यो। आशङ्कामा अनेकौं मुसलमान दमनका शिकार भए। पश्चिमा जगत्बाट आलोचित श्रीलङ्का अब इस्लामिक विश्वबाट पनि आलोचित हुन पुग्यो। विश्व समुदायबाट एक्लिएको श्रीलङ्कालाई तत्काल कसैको सहयोग, समर्थन र सद्भावको आवश्यकता थियो। त्यस्ता निरङ्कुश एवं क्रूर शासक जो विश्व समुदायबाट एक्लिएको अवस्थामा रहेको हुन्छ र त्यहाँ व्यापारिक कारोबारको निम्ति अवसर रहेको हुन्छ, त्यस्ता देशको शासकसित मित्रता कायम गर्न चीन कञ्जुस्याइँ गर्दैन। विश्वकै सर्वाधिक व्यस्त समुद्री मार्गको नजीक आफ्नो रणनीतिक वर्चस्व कायम राख्न चीनले श्रीलङ्काका शासकलाई आफ्नो समर्थन दिन थाल्यो।

चीनले महिन्द्रा राजपाक्षेको कमजोरी तथा महत्त्वाकाङ्क्षाबाट लाभ उठाउने काम गऱ्यो र युद्ध अपराधको आरोपको सामना गरिरहेको राजपाक्षेको सुरक्षा कवचको रूपमा संयुक्त राष्ट्रसङ्घमा आफूलाई प्रस्तुत गर्ने काम गऱ्यो। यसपछि त श्रीलङ्काका अधिकांश पूर्वाधार निर्माणका परियोजजनाहरू चीनले हात पार्दै गयो साथै राजपाक्षे परिवारको राजनीतिक विरासतको प्रतीकको रूपमा रहेको गृहजिल्ला हम्बनटोटाको विकासमा सहयोग गर्न थाल्यो। सुनसान ठाउँमा विमानस्थल निर्माण, त्यस ठाउँको जनसङ्ख्याभन्दा बढी दर्शक अटाउने क्रिकेट स्टेडियमको निर्माण आदिमा चीनले ऋण लगानी गर्न थाल्यो। १४० करोड डलरमा बन्दरगाहको निर्माण त चीनले गऱ्यो तर ९९ वर्षको निम्ति लिजमा पनि लिने काम गऱ्यो। किनभने श्रीलङ्का सरकार चाहेर पनि यसको उपयोग गर्न सकिरहेको थिएन। चिनियाँ ऋणबाट बनेको सर्वाधिक महँगो पोर्टसिटी १३ अर्ब डलरको परियोजना हो, जो श्रीलङ्काको नजीक नै रहेको छ।

राजपाक्षे परिवारलाई ऋण सङ्कटको अनुमान थिएन। चीनसित लिएको ऋणको शर्त कहिल्यै सार्वजनिक गरिएन। कोरोना महामारीभन्दा ठीक पहिले करमा कटौतीले प्रमुख आर्थिक स्रोत पर्यटन क्षेत्र तथा कपडाको निर्यात प्रभावित हुन गयो। रूस–युक्रेन युद्धले उसलाई इन्धन सङ्कटसहित आर्थिकरूपले थला पार्ने काम गऱ्यो। गम्भीर आर्थिक सङ्कटमा परेको बेला चीनले सहयोग गर्नुको साटो आफ्नो बकाया ऋणको ताकेता गर्न थाल्यो। आफतको बेला भारतले ४ अर्ब डलर सहायता गऱ्यो। परिवारवाद, निरङ्कुशता, अवसरवाद र भ्रष्टाचारले अपेक्षाकृत राम्रो देशलाई पनि बर्बाद गर्न सक्दछ तथा बलियोभन्दा बलियो शासक पनि देश छोड्ने अवस्था आउन सक्दछ। बहुसङ्ख्यक जनताको भावनात्मकरूपमा शोषण गर्ने राष्ट्रवाद अन्ततः हानिकारक नै साबित हुने गर्दछ।

# सङ्क्रमणको चौथो लहरको सङ्केत

काठमाडौं, १९ साउन/

नेपालमा चारजनामा घटेको सङ्क्रमण अहिले दैनिक करीब एक हजारको नजीक देखिन थालेको छ। पछिल्लो हप्ता नेपालमा दैनिक सङ्क्रमण बढ्दै गएको पुष्टि हुन्छ।

छिमेकी मुलुक भारतमा कोरोना भाइरसको सङ्क्रमण बढेसँगै नेपालमा पनि यसको प्रभाव देखिन थालेपछि नेपालमा सङ्क्रमण बढ्न थालेको हो। खुला सीमाका कारण भारतबाट सजिलै नेपाल आउने भएपछि सङ्क्रमण बढ्न थालेको बताइएको छ।

नेपालमा पनि ओमिक्रोनको 'बिएफाइभ' प्रजाति देखिएको र उक्त प्रजातिको सङ्क्रमणको सर्ने दर उच्च रहेकाले पनि अहिले नेपालमा सङ्क्रमण बढिरहेको छ।

पहिले यहाँ सङ्क्रमणदर ०.५ प्रतिशतसम्म झरेकामा अहिले १५ प्रतिशतभन्दा माथि पुगेको छ। साउन १८ गते ९१५ सङ्क्रमित, साउन १७ गते ८१४, साउन १६ गते ८९५ सङ्क्रमित र एकजनाको निधन भएको छ।

यस्तै, साउन १५ गते ६२०, साउन १४ गते ४३८ र दुईजनाको मृत्यु, साउन १३ गते ५७७ जना र दुईजनाको मृत्यु,



तस्वीरः फाइल

साउन १२ गते ७१० र दुईजनाको मृत्यु, साउन ११ गते ५६४ र एकजनाको मृत्यु, साउन १० गते ६३८ र दुईजनाको मृत्यु भएको छ। यसरी सङ्क्रमण दैनिक बढेर हजारको नजीक पुग्न थालेको छ।

दैनिक सङ्क्रमण बढिरहेकाले नेपालमा कतै सङ्क्रमणको चौथो लहर आएको त होइन भन्ने लागेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले सङ्क्रमणको लहर ग्राफले देखाउने गरेको र अहिले देखिएको सङ्क्रमणको ग्राफले अर्को लहरको सङ्केत गरेको बताए।

सरकारले आधिकारिकरूपमा सङ्क्रमणको चौथो लहर भन्ने नगरेको र सङ्क्रमणको ग्राफले नै लहर बताउने गरेको उनको भनाइ रहेको छ। "हामीले पहिले पनि ग्राफ बढे पनि सङ्क्रमणको लहर भनेको थिएनौं। अहिले पनि हामी भन्दैनौं," उनले भने, "तर अहिले सङ्क्रमणको ग्राफले आफैं अर्को लहर देखाएको छ।"

स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका वरिष्ठ स्वास्थ्य प्रशासक डा खगेश्वर गेलालले अहिले दैनिक बढिरहेको सङ्क्रमणले चौथो लहरको सङ्केत गरेको बताउँछन्।

"सरकारले आधिकारिकरूपमा चौथो लहर भन्ने गरेको छैन। तर अहिले दैनिक हजारको सङ्ख्याले सङ्क्रमणको चौथो लहरको सङ्केत गरेको छ," उनले भने, "यदि यसैगरी सङ्क्रमण बढ्न थाल्यो भने चौथो लहर नआउँला भन्न सकिन्न।"

उनले सङ्क्रमण साउन र भदौमा धेरै माथि (पिक)मा पुग्ने र त्यसपछि घट्ने बताउँछन्। खुला सीमा भएकाले दैनिक सीमानाकाबाट आउने मानिसमा

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## नेपालमा व्यवसायिक पशुपक्षी पालनको प्रचुर सम्भावना

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**देशको आर्थिक विकास अर्थशास्त्रका ठूला-ठूला सिद्धान्तले मात्र हुने होइन। ठूला-ठूला अर्थशास्त्रीहरूको लामो-लामो भाषणले पनि हुने होइन। देशको आर्थिक विकास माथि भनिएका सामान्य कार्यहरू व्यवस्थितरूपमा गरेर पनि गर्न सकिन्छ।**

नेपाली समाजमा मांसाहारीहरूको सङ्ख्या ठूलो छ। अर्को शब्दमा भन्ने हो भने नेपाली समाज मांसाहारी हो। हिमाल, पहाड र तराईगरी तीनै क्षेत्रमा माछा मासुको खपत ठूलो परिमाणमा हुन्छ। विजया दशैं र फागु जस्ता चाडहरूमा माछामासुको माग र आपूर्ति पनि ठूलो परिमाणमा हुन्छ। माछामासुको बजार यति ठूलो हुँदाहुँदै पनि यसलाई व्यवस्थित गर्न भने सकिएको छैन। ठूलो मात्रामा असङ्गठित र अस्वस्थकर माछामासुको उत्पादन एवं उपभोग हुन्छ। माछामासुको बजारलाई हामीले व्यवस्थित गर्न सके अन्नमाथिको निर्भरता घटाउन सकिन्छ। भारतबाट आयात हुने माछामासु (खसी, बोका) को परिमाणमा कमी ल्याएर भारतसँग व्यापारमा प्रत्येक वर्ष हुने ठूलो व्यापार असन्तुलन थोरै मात्रा भए पनि कम गर्न सकिन्छ। यसैगरी नेपालमा उत्पादन भएको माछामासु ठूलो परिमाणमा नेपाली बजारहरूमा आपूर्ति गरेर मुद्रास्फीतिमा पनि कमी ल्याउन सकिन्छ।

नेपालको तराई क्षेत्रमा ठूलो मात्रामा पशुपक्षी पालन हुन्छ। गरीब परिवारले जीवन निर्वाहका लागि अव्यवस्थित किसिमले उल्लेख्य सङ्ख्यामा बाख्रा, बंगुर पालन गरेको पाइन्छ। यसैगरी कुखुरा, हाँस, परेवा आदि पनि उल्लेख्य सङ्ख्यामा पालन गरेको देखिन्छ। अव्यवस्थित किसिमबाट हुने पशुपक्षी पालनलाई व्यवस्थित गर्ने हो भने नेपालमा ठूलो मात्रामा माछामासु उत्पादन गर्न त सकिन्छ नै, ठूलो परिमाणमा उत्पादित ती माछामासु भारतमा समेत निर्यात गर्न सकिन्छ। हामीलाई ठूलो आय आर्जन गर्न सहयोग पुऱ्याउने माछामासुको बजार हामीले उपयोग गर्न सकेका छैनौं।

खासगरी तराई क्षेत्रमा माछामासुको उत्पादन व्यवस्थित गर्न प्रत्येक पालिकामा एउटा वधशाला र शीतभण्डारको व्यवस्था गर्नुपर्ने देखिन्छ। यसैगरी पशु स्वास्थ्य केन्द्रहरूको व्यवस्था पनि प्रत्येक पालिकामा हुनुपर्ने देखिन्छ। यस्तो गर्न सके हामीले स्थानीयस्तर रोजगार पनि वृद्धि गर्न सक्छौं।

यसैगरी ग्रामीण क्षेत्रहरूमा गरिने पशुपक्षी पालनलाई पनि व्यवस्थित गर्नु पर्ने देखिन्छ। अर्थात् विभिन्न परिवारले ठूलो सङ्ख्यामा र पेशेवर किसिमले पशुपक्षी पालन गर्नुपर्ने देखिन्छ। पशुपक्षी पालन कार्यलाई पालिकाहरूले पनि प्रोत्साहित गर्नुपर्छ। पालिकाहरूले विभिन्न किसिमका कार्यक्रम निर्माण एवं तर्जुमा गरेर पशुपक्षी पालकहरूलाई संरक्षण र प्राविधिक सहयोग प्रदान गर्नुपर्छ। पशुपक्षी पालन ग्रामीण क्षेत्रमा गरीब परिवारका लागि आयको राम्रो स्रोत हुन सक्छ।

कृषि कार्यका लागि चाहिने दक्ष र अदक्ष जनशक्ति अहिले नेपालबाट ठूलो सङ्ख्यामा रोजगारको लागि विदेशिएको अवस्था छ। कृषि क्षेत्रमा अहिले ठूलो सङ्ख्यामा जनशक्तिको माग छ। नेपालको कृषि क्षेत्रमा कुशल जनशक्तिको अभाव भएकोले पनि हाम्रो कृषि क्षेत्र उत्पादक हुन सकेको छैन। ठूलो परिमाणमा हामीले भारतबाट अन्न आयात गर्नुपरेको छ। भारतबाट आयात गरेको अन्नको लागि हामीले विदेशबाट कमाएर ल्याएको विदेशी मुद्रा (भारतीय मुद्रा होइन) भुक्तान गर्नुपरेको छ। भारतबाट गरिने आयातको मूल्य र परिमाण हामीले गर्ने निर्यातभन्दा ज्यादै उच्च रहेकोले हामीले आर्जन गरेको भारतीय मुद्राले भारतलाई भुक्तान गर्न नपुग्ने हुनाले हामीले भारतलाई विदेशी मुद्रामा भुक्तानी गर्नुपर्ने हुन्छ। यसरी केवल अन्न खरीद गर्न हामीले दुःखजिलो गरी कमाएको विदेशी मुद्रा भुक्तान गर्नुपर्छ। विदेशबाट कमाएर ल्याएको विदेशी मुद्रा हामीले हाम्रो देशको विकास एवं निर्माणमा खर्च गर्न पाएका छैनौं। हामीसँग रहेको विदेशी मुद्राको उपयोग केवल भारतबाट अनेक सामग्री खरीद गर्नमा खर्च भइरहेको छ।

कुनै पनि कृषि बालीबाट आम्दानी लिन लामो समय पर्खनुपर्छ। खासगरी धान, गहुँ, मकै, जौ, दलहनजस्ता बालीबाट आम्दानी लिन महीनौं कुर्नुपर्छ। यी बाली लगाउँदा उच्च प्रविधिको प्रयोग गर्न सके र ठूलो क्षेत्रफलमा बाली लगाउन सके मात्र लागतको हिसाबले सस्तोमा उत्पादन गर्न सकिन्छ। अर्कोतिर नेपालमा कृषिमा उच्च प्रविधि प्रयोग गर्न सकिने स्थिति अहिलेसम्म पनि आउन सकेको छैन। कृषि कार्यमा कृत्रिम वर्षा, वंशाणुगत गुण परिवर्तन Genetic engineering, Genetic modification, Genetic manipulation जस्ता उच्च प्रविधि प्रयोग गर्न सकिएको छैन। वंशाणुगत गुण परिवर्तन गरेर ज्यादै ठूलो आकारको आलु, प्याज, फर्सी, काउली आदि उत्पादन गर्न सकिएको छैन। यसैगरी छिटै नकुहिने, बीउ नहुने, ठूलो आकारको स्याउ, सुन्तला आदि उत्पादन गर्न सकिएको छैन। तर विकसित देशहरूले वंशाणुगत गुण परिवर्तन गरेर आफूले चाहेको आकार, स्वाद र प्रकृतिमा अन्न, फलफूल, तरकारी आदि उत्पादन गर्न सकेका छन्। स्थिति यस्तो रहेकोले नै हाम्रो कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता ज्यादै कमजोर हुन पुगेको छ। र हामीले उत्पादन गरेर बजारमा पुऱ्याउँदा हाम्रा कृषि उत्पादनहरू भारतको कृषि उत्पादनभन्दा महँगो हुने स्थिति उत्पन्न भएको छ।

आकार र क्षेत्रफलको हिसाबले हाम्रा कृषियोग्य पहाडी क्षेत्रहरू तराईभन्दा ज्यादै ठूला छन्, तर अनेक समस्याले गर्दा कृषि कार्यको लागि नाफामूलक किसिमले प्रयोग गर्न सकिएको छैन। पहाडी कृषियोग्य भूमिहरू स्थानीय कृषकहरूबाट केवल निर्वाहका लागि उपयोग भएका छन्। उच्च मुनाफाका लागि भएका छैनन्।

तराईका कृषियोग्य भूमिहरूमा पनि अहिले जनसङ्ख्या वृद्धिको उच्च चाप परेको छ। ग्रामीण क्षेत्रमा ठूलो क्षेत्रफलमा रहेका कृषियोग्य भूमिहरू अहिले घडेरीमा रूपान्तरित भएका छन्। अनेक गाउँले अहिले शहरको रूप धारण गरेका छन्। ग्रामीण बजारहरू अहिले शहरी बजार (होटल, लज, अस्पताल, व्यापारिक भवन आदि) मा परिवर्तन हुने क्रम जारी छ। शहरी बजारहरूले ठूलो मात्रामा कृषियोग्य भूमि अतिक्रमण गरिरहेका छन्। यो क्रम तराईमा चिन्ताजनक देखिएको छ। स्थिति यस्तै रहने हो भने तराईका कृषियोग्य भूमि ठूलो परिमाणमा घडेरीमा परिवर्तन हुनेछ। कृषिको लागि चाहिने भूमिको ठूलो अभाव हुनेछ। यस कुराको ज्वलन्त उदाहरण काठमाडौंलाई लिन सकिन्छ। काठमाडौंका कृषियोग्य भूमि अहिले केवल घर एवं घडेरीमा रूपान्तरित भएका छन्। विकासको यो ढाँचा (Model) प्रत्योत्पादक हो। यस्तो ढाँचाले देश र जनतालाई लाभ पुग्दैन।

माथि बयान गरिएका तथ्यहरूको आधारमा के भन्न सकिन्छ भने नेपालमा ठूलो मात्रामा माछामासु तराई क्षेत्रमा उत्पादन हुन सक्नु राष्ट्रिय अर्थ व्यवस्थाका लागि ज्यादै नराम्रो हो। तराईका गाउँहरूमा पेशेवर किसिमले ठूलो सङ्ख्यामा सुंगुर, बंगुर, खसी आदि पालन गर्न सके देशले राम्रो आय प्राप्त गर्न सक्नेछ। अनेक किसिमका माछा पालन गर्न सके देशले राम्रो आय प्राप्त गर्न सक्नेछ। यसैगरी ठूलो सङ्ख्यामा कुखुरा, हाँस, बत्तख, परेवा पालन गर्न सके देशले राम्रो आय प्राप्त गर्न सक्नेछ।

नेपालमा पशुपक्षी पालनको प्रचुर सम्भावना छ। केवल यो सम्भावनालाई कसरी लाभदायक अवसरमा परिवर्तित गर्न सकिन्छ, हामीले गम्भीरतापूर्वक त्यस कुराको खोजी गर्नुपर्छ। पशुपक्षी पालनलाई हाम्रो जलवायु र भूगोलले पनि उत्तिकै अनुकूल स्थिति प्रदान गरेको छ। यो हाम्रो लागि ठूलो अवसर हो।

देशको आर्थिक विकास अर्थशास्त्रका ठूला-ठूला सिद्धान्तले मात्र हुने होइन। ठूला-ठूला अर्थशास्त्रीहरूको लामो-लामो भाषणले पनि हुने होइन। देशको आर्थिक विकास माथि भनिएका सामान्य कार्यहरू गरेर पनि गर्न सकिन्छ।

## देशको मेरुदण्ड/रक्तसञ्चार प्रणाली कर हो -अधिकृत भण्डारी

# राजस्व कार्यालय सिमराद्वारा १२ अर्ब कर सङ्कलन

गम्भीरा सहनी, जीतपुर, १९ साउन/

आन्तरिक राजस्व कार्यालय, रौतहट, बारा, सिमराका प्रमुख कर अधिकृत नारायणप्रसाद भण्डारीले मुलुकको मेरुदण्ड तथा रक्तसञ्चार प्रणाली कर भएको बताएका छन्। प्रतीकसँग कुरा गर्दै उनले जनताले नियम, कानून तथा स्वेच्छिकरूपमा कर, राजस्व बुझाउनुपर्ने बताए।



प्रमुख कर अधिकृत नारायणप्रसाद भण्डारी

आव २०७८/७९ को साउन-असार १२ महीनामा आन्तरिक राजस्व कार्यालय, सिमराले रु १२ अर्ब ९२ करोड ४८ लाख ५० हजार कर सङ्कलन गरेको कर अधिकृत भण्डारीले बताए। आयकर रु ७७ करोड ६८ लाख ४२ हजार, घर बहालकर रु २ करोड २१ लाख ७३ हजार, ब्याजकर रु २ करोड ३१ लाख २४ हजार, भ्याट रु ७८ करोड ३९ लाख ३९ हजार, अन्तःशुल्क रु ८ अर्ब २९ करोड ६१ लाख ५८ हजार, स्वास्थ्य सेवा कर रु ३ अर्ब २ करोड २५ लाख ९७ हजार, शिक्षा कर रु १७ हजार गरी कुल १२ अर्ब ९२ करोड ४८ लाख ५० हजार सङ्कलन गरी राजस्व दाखिला गरिएको कर अधिकृत भण्डारीले जनाएका छन्।



आन्तरिक राजस्व कार्यालय सिमरा।

आव २०७७/७८ भन्दा आव २०७८/७९ मा करीब ६ प्रतिशतले रु ७० करोड बढी राजस्व सङ्कलन गरिएको र लक्ष्यभन्दा ९९.५ प्रतिशत प्रगति भएको उनले बताए।

एक लाख ३३ हजार ५४९ जना करदाता यस कार्यालयमा आबद्ध रहेका छन् जसमा मुख्य कार्यालय सिमराबाट ६० हजार ८२९, कलैया सेवा केन्द्रबाट २१ हजार ५८८, गौर सेवा केन्द्रबाट ३० हजार १८९ र चन्द्रपुर सेवा केन्द्रबाट २० हजार ९७० जना करदाता लाभान्वित भएको प्राप्त जानकारीमा उल्लेख छ।

कर अधिकृत भण्डारीले बारा, रौतहट जिल्लाका यस कार्यालयका कर दाताहरूको हकहित तथा नियमित कर सङ्कलन, दाखिलाको लागि सरोकारवालाहरूको मागबमोजिम विभिन्न जनचेतनामूलक तथा सेवा प्रदायक तालीम, गोष्ठी, भ्रमण, अनुगमन कार्यक्रम बेलाबखत सञ्चालन भइरहेको बताए।

# सिराहामा एक हजार ८६५ नयाँ उद्योग दर्ता

लहान, १९ साउन/रासस

बैंक तथा वित्तीय संस्थाहरूले कृषिजन्य उद्योगमा ऋण लगानी गर्न थालेपछि सिराहामा कृषिजन्य उद्योग दर्ता गराउने क्रम बढेको छ।

ती संस्थाले कृषिजन्य उद्योगमा सजिलै ऋण लगानी गर्न थालेको र 'लोडसेडिङ'ले समेत खासै असर नपर्ने भएपछि जिल्लामा त्यस्ता उद्योग दर्ता गराउने क्रम बढेको हो।

आर्थिक वर्ष २०७८/७९ मा एक हजार ८६५ नयाँ उद्योग दर्ता हुँदा एक हजार २४३ कृषिजन्य उद्योग रहेको घरेलु तथा साना उद्योग कार्यालय, लहानले जनाएको छ।

दर्ता भएका नयाँ कृषिजन्य उद्योगमा कृषि, पशुपक्षी र माछापालनसम्बन्धी एक हजार १२०, पशुपालनसम्बन्धी ७१, माछापालनसम्बन्धी १२, दुग्धजन्य उद्योग १४ वटा दर्ता भएको कार्यालय प्रमुख दीपेन्द्रकुमार यादवले जानकारी दिए।

यस्तै, आव २०७८/७९ मा सेवामूलक उद्योग ४७७, उत्पादनमूलक उद्योग १४५ दर्ता भएको प्रमुख यादवले बताए। यससँगै सिराहामा कृषि तथा वनजन्य उद्योग चार हजार १३, उत्पादन उद्योग एक हजार ७५७ र सेवा उद्योग चार हजार ७१५ गरी घरेलु तथा साना उद्योगको सङ्ख्या १० हजार ३१५ पुगेको प्रमुख यादवले जानकारी दिए।

यस्तै, आव २०७८/७९ मा नयाँ

(बाँकी चौथो पातामा)

# कार्यालय प्रमुखमाथि नै रू १२ करोड बेरूजू

महोत्तरी, १९ साउन/रासस

स्थानीय तहमा बेरुजू कहालीलाग्दो देखिंदो छ। महोत्तरीको गौशाला नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रजङ्ग थापामाथि २०७९ आवमा रु १२ करोड ४५ लाख २१ हजार बेरुजू रकम देखिएको छ।

आर्थिक वर्ष २०७६/७७ को प्रारम्भदेखि उनी सो नगरपालिकामा कार्यरत छन्। २०७६ भदौ १३ गते कार्यालयको जिम्मेवारी सम्हालेका थापामाथि बर्सेनि बेरुजू थपिंदै जाँदा आव २०७७/७८ सम्म रु १२ करोड बेरुजू नाघेको हो।

उनीमाथि देखाइएको बेरुजू रकममध्ये असुल गर्नुपर्ने रु छ करोड ८८ लाख ४७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु दुई करोड ६० लाख ५० हजार, नियमित गर्नुपर्ने रु ७७ लाख ९० हजार र पेश्की रु दुई करोड १८ लाख ३४ हजार रहेको प्रतिवेदनमा उल्लेख छ। कार्यकारी अधिकृत थापाले खुद तिर्नुपर्ने नै रु छ करोड ८८ लाख ४७ हजार देखिएको प्रतिवेदनले देखाएको छ।





प्रतिवेदनले यो बेरुजूमा कार्यालयका लेखा अधिकृत सञ्जीव बराललाई पनि समेटेको छ।

प्रमुख प्रशासकीय अधिकृत थापामाथि आव २०७८/७९ मा बेरुजू रकम अझै बढ्ने बताइएको छ।

कार्यकारी अधिकृत थापाले गौशाला नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको पद सम्हाले यता नगरपालिकामा बर्सेनि बेरुजू रकम थपिंदै गएको हो। महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९ अनुसार आव २०७७/७८ सम्म नगरपालिकाको गत वर्षको रु ४३ करोड तीन लाख ६१ हजार कुल बेरुजू बाँकी देखिएको थियो। पछिल्लो आव २०७७/७८ को समायोजन र संपरीक्षणबाट फछ्र्योट एवं वर्षको अन्त्यमा कायम भएको बेरुजूसमेत अद्यावधिक हुँदा बेरुजू रु ४८ करोड ६६ लाख ९९ हजार देखिएको प्रतिवेदनमा उल्लेख छ।

# विद्यालयलाई सहयोग रकम हस्तान्तरण

प्रस, पोखरिया, १९ साउन/

सखुवाप्रसौनी गाउँपालिका-५ महुवनस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई बिहीवार सहयोग रकम हस्तान्तरण गरिएको छ।





जनता समाजवादी पार्टीका नेता शिवकुमार साहले रु २५ हजारको चेक प्रधानाध्यापक भरत गिरीलाई हस्तान्तरण गरेका हुन्।

देवीमाई आधारभूत विद्यालय, लखनपुरमा कक्षा ११ र १२ सञ्चालनका लागि उक्त रकम सहयोग गरेको गिरीले बताए।

वडाध्यक्ष मुन्ना राउत कमकरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जदुसाह तेली, चन्दनसाह तेली, सरोज गिरी, दिनेश साहलगायतको सहभागिता थियो। कार्यक्रमको सञ्चालन सोनालाल यादवले गरेका थिए।

# चुलिंदो व्यापारघाटाः अर्थतन्त्र जोखिममा

निर्यातको तुलनामा आयातको परिमाण अत्यधिक बढ्दा व्यापारघाटा चुलिंदो छ । व्यापारघाटा बढ्दै जाँदा अर्थतन्त्र परनिर्भर, थप कमजोर र जोखिमयुक्त बन्दै जान्छ । जबसम्म आन्तरिक उत्पादन वृद्धि हुँदैन र आयात प्रतिस्थापन हुँदैन, तबसम्म व्यापारघाटा बढी नै रहने छ । रेमिट्यान्स मुलुकको अर्थतन्त्रको मेरुदण्ड. नभए पनि भरपर्दो टेको त बनेको छ । यही रेमिट्यान्सले गर्दा उपभोक्ता संस्कृतिमा वृद्धि भई आयातमाथि थप दबाब परेको छ । फलस्वरूप बर्सेनि उपभोग्य वस्तुदेखि विलासिताका वस्तुको आयातमा वृद्धि भइरहेको छ । तर आन्तरिक उत्पादन वृद्धि हुन नसकेको र राष्ट्रिय व्यापार एकीकृत रणनीतिले नै निकासीयोग्य वस्तुको सूचीमा राखिएका वस्तुकै पनि निर्यात प्रवर्द्धन हुन नसक्दा आयात र निर्यातबीच निकै अन्तर बढेको छ । परिणामतः व्यापारघाटा चुलिएर अर्थतन्त्र नै जोखिममा परेको अवस्था छ।

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आत्मनिर्भर आर्थिक विकासका लागि उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी जागीरेभन्दा उद्यमशीलताको भावना विकास गर्न सक्नुपर्छ । बढ्दो व्यापार घाटा न्यूनीकरणका लागि मुलुकमा लगानी भित्र्याउन र नयाँ पुस्तालाई उद्यमी बन्न प्रेरित गर्ने नीति राज्यले अख्तियार गर्न सक्नुपर्दछ ।**

आर्थिक वर्ष २०७८-०७९ मा मुलुकको व्यापार घाटा रु १७ खर्ब २० अर्ब ४१ करोड पुगेको छ। यो अघिल्लो आर्थिक वर्षको तुलनामा २३ प्रतिशतले वृद्धि भएको भन्सार विभागको तथ्याङ्क छ। आव २०७७-७८ मा यो घाटा रु १३ खर्ब ९८ अर्ब ७१ करोड थियो । अत्यावश्यक वस्तु मात्रै नभई विलासिताका वस्तुको उच्च आयातले व्यापार घाटा चुलिएको हो । अर्थतन्त्र जोखिमपूर्ण भइरहँदा पेट्रोलियम पदार्थ, सुन, मोबाइल, एमएस बिलेटसँगै स्वदेशमैं उत्पादन गर्न सकिने खाद्यवस्तुको आयात पनि उच्च दरले बढेको छ, जसले गर्दा व्यापार घाटा वृद्धि भएको हो । अन्तर्राष्ट्रिय बजारमा भइरहेको मूल्यवृद्धिले पनि व्यापार घाटा बढाउन सघाएको बताइएको छ । आयातसँगै निर्यात व्यापार पनि बढेको तथ्याङ्क भन्सार विभागको छ। आयात व्यापार बढेर १९ खर्ब २० अर्ब ४४ करोड र निर्यात व्यापार २ खर्ब ३ करोड रुपियाँ पुगेको छ । आयात व्यापार २४.७२ प्रतिशतले वृद्धि हुँदा निर्यात ४१.७४ प्रतिशतले बढेको छ । तर विडम्बना स्वदेशमैं उत्पादित वस्तुले निर्यात बढाइदिएको भने होइन । झट्ट तथ्याङ्क हेर्दा निर्यात राम्रो देखिन्छ । तर व्यवसायीले तेस्रो मुलुकबाट आयात गरिएको भटमास, कच्चा पाम तेल, सूर्यमूखी तेल आयात गरी प्रशोधन गरेर निर्यात गरेको देखिन्छ। सरकारी निर्यात दिगो बनाउन स्वदेशमैं गुणस्तरीय वस्तु उत्पादनमा जोड दिनुपर्ने आवश्यकता रहेको छ । यसका लागि कृषि, उद्योग वाणिज्य तथा आपूर्ति, सिंचाइ र ऊर्जा मन्त्रालयबीच समन्वयकारी भूमिका हुनुपर्छ भने विलासिताका वस्तु आयातमा पनि कडाइ गर्दै जानुपर्ने आवश्यकता त्यतिकै महत्त्वपूर्ण छ ।

आर्थिक वर्ष २०७८-०७९ मा आयात भएका वस्तुमा सबैभन्दा बढी १ खर्ब ६८ अर्ब २३ करोड रुपियाँको डिजेल, ७१ अर्ब ३८ करोडको पेट्रोल र ६५ अर्ब ५५ करोडको एलपी ग्याँस छ । सरकारले इन्धन खपत घटाउन विद्युतीय चुलो र सवारीको कुरा गरिरहँदा इन्धनको आयात भने अचाक्ली बढेको हो। चौथो नम्बरमा ५६ अर्ब १८ करोडको भटमासको तेल कच्चा, ५१ अर्ब ३३ करोडको एमएस बिलेट, ४२ अर्ब ७० करोडको सुन, ४१ अर्ब १५ करोडको मोबाइल र ३९ अर्ब ३१ करोडको कच्चा पाम तेल आयात भएको छ । विलासिताका वस्तु आयातले विदेशी मुद्रा सञ्चिति थप घटेको छ। त्यसैले भुक्तानी सन्तुलन मिलाउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले विभिन्न १० वस्तुको आयातमा भदौ १४ सम्म पूर्ण रोक लगाएको छ । तर पनि व्यापार घाटा थामिएको छैन। व्यापार घाटा कम गर्न अबको लगानी उत्पादनशील क्षेत्रमा हुनुपर्ने आवश्यकता छ। यसका लागि सरकारले सबै नीति परिमार्जन गर्न सक्नुपर्दछ । बजेटसँग जोडिएका ऋण, मौद्रिक नीति, औद्योगिक, वाणिज्य र ऊर्जासम्बद्ध नीति परिमार्जन गर्दै जानुपर्ने आवश्यकता छ। सरकारले उत्पादनशील क्षेत्रमा भएका उद्योगलाई सहुलियत र निरन्तर ऊर्जा दिनुपर्छ। यसबाहेक उत्पादनशील क्षेत्रका लागि ऋण नीति उत्तम हुनुपर्छ। यसले आयात प्रतिस्थापन र निर्यात बढाउन सघाउँछ । त्यसैले व्यापार घाटा कम गर्नका लागि उत्पादन बढाउन कृषि उद्यमशीलतामा जोड तथा इन्धनको विकल्प विद्युतीय सवारी र उपकरणको प्रयोगमा विशेष जोड दिनुपर्दछ। यसका लागि रणनीतिक ढङ्गले काम गर्नुपर्ने अहिलेको आवश्यकता हो। त्यस्तै निर्यात भएका वस्तुमा भटमासको तेल र पाम तेल अगाडि छन्। स्वदेशमैं उत्पादन हुने सम्भावना भए पनि व्यवसायीले कच्चा पदार्थ आयात गरी प्रशोधन गरेर यी वस्तु पुनः निर्यात गरिरहेका छन्। जसले गर्दा समग्र निर्यात व्यापार बढेको देखिएको छ । विगत एक वर्षमा ४५ अर्ब ३५ करोड रुपियाँको भटमासको तेल र ३७ अर्ब ९४ करोड रुपियाँको प्रशोधित पाम तेल निर्यात भएको विभागको तथ्याङ्क छ। सोही अवधिमा १० अर्ब १४ करोडको सेन्थेटिक यार्न, ७ अर्ब ७१ करोडको ऊनी गलैंचा, ५ अर्ब ७६ करोडको तयारी कपडा र ५ अर्ब २१ करोडको जुटका कपडा पनि निर्यात भएका छन् ।

हुनत नेपालमा व्यापारको आकार सानो छ । कुल गार्हस्थ्य उत्पादनसँग तुलना गर्दा यसको हिस्सा ३० प्रतिशतको हाराहारीमा छ । व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा झन्डै ३९ प्रतिशत पुगेको छ। विगत पाँच वर्षको अवधिमा वस्तु निर्यातको औसत वृद्धिदर करीब तीन प्रतिशत छ भने पाँच वर्षकै अवधिमा वस्तु आयातको औसत वृद्धिदर करीब १४ प्रतिशत रहेको देखिन्छ। देशको कुल निर्यातको मूल्यभन्दा आयातको मूल्य धेरै भए व्यापार घाटा हुन्छ । त्यसैले व्यापार घाटा न्यूनीकरण र विदेशी मुद्राको सञ्चिति बढाउनका लागि तत्काल सम्भाव्य क्षेत्र र वस्तुको पहिचान गरी आन्तरिक उत्पादन वृद्धि गरेर निर्यात प्रवर्द्धन गर्ने अथवा आयात प्रतिस्थापन गर्ने नीति अवलम्बन गर्नु आजको आवश्यकता हो । नेपालमा उत्पादनका दृष्टिले ठूलो सम्भावना बोकेको मुख्य क्षेत्र कृषि नै हो। यसपछिको अर्को सम्भाव्य क्षेत्र भनेको जलविद्युत् हो। एक तथ्याङ्क अनुसार नेपालमा झन्डै ४४ हजार मेगावाट जलविद्युत् उत्पादनको क्षमता छ। विद्युत् उत्पादनको सम्भावनाको पूर्ण सदुपयोगको त कुरै छोडौं, सम्भावनाको एकचौथाई मात्र उत्पादन गर्न सक्ने हो भने पनि त्यो इन्धनको सहज विकल्प बन्न सक्छ । विद्युत् उत्पादन र विद्युतीकरणलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने हो भने इन्धनको आयात कम्तीमा पनि आधा घटाउन सकिन्छ ।

यसरी उद्योगीकरणसँगसँगै गार्हस्थ्य प्रयोजनमा पनि विद्युत् खपत बढाउन सकियो भने मात्र पेट्रोलियम पदार्थको आयात कम गर्न सकिन्छ । हामीले भान्सामा ग्याँसको सट्टा विद्युत्बाट चल्ने उपकरण प्रयोग गर्न बानी बसाल्नुपर्छ। विद्युतीय गाडीको प्रयोग पनि क्रमशः बढाउँदै लग्नुपर्छ। यसो गर्न सके इन्धन आयात र व्यापारघाटा कम हुन्छ। अनि वातावरण प्रदूषण पनि कम हुन्छ । यसप्रति आम नेपाली नागरिक र सरकार गम्भीर हुनैपर्छ। अझै पनि कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा एक चौथाईको हाराहारीमा छ । देशको दुई तिहाई जनसङ्ख्यालाई रोजगार दिने क्षेत्र पनि कृषि नै हो। अझै पनि ठूलो सङ्ख्यामा जनशक्ति ग्रहण गर्ने क्षमता देशको कृषि क्षेत्रमैं छ। उत्पादन वृद्धिको सम्भावना पनि प्रशस्त छ। कृषिवस्तुका लागि देश आत्मनिर्भर हुन सक्ने सम्भावना पनि उत्तिकै छ । तर यससम्बन्धी उपयुक्त नीति र त्यसको प्रभावकारी कार्यान्वयनको खाँचो भने अवश्य छ । श्रमलाई सम्मान गर्ने, श्रमको उचित मूल्य दिने र श्रमलाई स्वदेश निर्माणमा लगाउने नीति अँगाल्ने हो भने कृषि चुत्थो पेशा होइन भन्ने सोचको विकास हुनेछ। अहिले कृषिलाई गरीबको पेशा र अरूको दाँजोमा चुत्थो पेशाका रूपमा लिने गरेको पाइन्छ। यस्तो सोचमा परिवर्तन जरूरी छ। यसरी कृषि र किसानलाई हेर्ने सरकारी दृष्टिकोणमा परिवर्तन आउने हो भने कृषिको आन्तरिक उत्पादन वृद्धि हुन गई खाद्यान्नमा आत्मनिर्भर हुन सकिन्छ । यसबाट आयात प्रतिस्थापन भई व्यापारघाटा कम हुनेछ । अहिलेकै परिप्रेक्ष्यमा कृषिमा आत्मनिर्भर हुने र इन्धन खपतलाई आधा मात्रै विद्युत्ले प्रतिस्थापन गर्ने हो भने पनि न्यूनतम चार खर्ब रुपियाँको व्यापारघाटा कम गर्न सकिन्छ। यो भनेको कुल व्यापार घाटाको झन्डै ३० प्रतिशत हुन आउँछ ।

मुलुकमा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्छ भन्नेमा कसैको दुईमत छैन । तर हामी हरेक सामान आयात गरेर उपभोग गर्न थालेका छौं । कृषि, जडिबुटी, पर्यटन र जलस्रोतजस्ता क्षेत्रको विकासले मुलुकलाई आत्मनिर्भरतातर्फ लैजान सक्छ ।

उच्चदरको आयातले समस्या पारेपछि सरकारले निर्यात बढाउन बेलाबेलामा धेरै उपायहरू अगाडि नल्याएको होइन । आयातित वस्तुमध्ये कृषिजन्य उत्पादनको अंश पनि ठूलो देखिएपछि सरकारले प्रत्येक वर्ष कृषिमा आत्मनिर्भर हुने भन्दै विभिन्न कार्यक्रम ल्याएको देखिन्छ । यसका लागि अर्बौं रुपियाँ बजेट विनियोजन गरिएको पनि छ । किसानसँगै उद्योगी व्यवसायीलाई पनि उत्पादकत्व बढाउने नाममा विशेष सहुलियत दिंदै आएको छ । सरकारले निर्यात बढाउन निर्यातयोग्य वस्तुको सम्भाव्य सूची तयार गरी सूचीमा पर्ने वस्तु उत्पादन र निर्यात गर्नेलाई प्रोत्साहनस्वरूप विभिन्न सुविधा दिंदै आएको छ । जलस्रोत र पर्यटनको विकासबाट पनि व्यापारघाटा कम गर्न सकिन्छ भन्ने आम धारणा छ । तर पनि सरकार विफल छ। काम गराइ र नतीजा ठीक उल्टो छ । त्यसैले आत्मनिर्भर आर्थिक विकासका लागि उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी जागीरेभन्दा उद्यमशीलताको भावना विकास गर्न सक्नुपर्छ । बढ्दो व्यापार घाटा न्यूनीकरणका लागि मुलुकमा लगानी भित्र्याउन र नयाँ पुस्तालाई उद्यमी बन्न प्रेरित गर्ने नीति राज्यले अख्तियार गर्न सक्नुपर्दछ ।

# वर्षाका कारण पाँच सडक पूर्ण र १३ आंशिक अवरुद्ध

काठमाडौं, १९ साउन/रासस

वर्षाका कारण बाढीपहिराले गर्दा देशभरका पाँच सडक पूर्ण र १३ सडक आंशिकरूपमा अवरुद्ध भएका छन् ।

वर्षाका कारण हाल पूर्णरूपमा अवरुद्ध सडकमा मुस्ताङको काभ्रेभिर, रारा राजमार्गको नुवाकोट-तोप्ला सडक, साँफेबगर-मार्तडी-कोल्टी सडकको अम्कोट-बल्दे सडक, रोल्पाको कोइलावास-लमही, अर्जुनखोला-घोराही-होलेरी-घर्तीगाउँ-थवाङ-लुकुम सडक र चितवनको मौरी पुल रहेको छ ।

मुस्ताङको काभ्रेभिर सडकमा पहिरो तथा ठूलो ढुङ्गा खस्दा सवारीसाधन आवागमन अवरुद्ध भएको छ ।

उपकरण प्रयोग गरी पहिरो हटाउने काम भइरहेको सडक विभागले जनाएको छ ।

रारा राजमार्ग निरन्तर पहिराका कारण अवरुद्ध भएकोमा अहिले एउटा निजी स्काभेटर भाडामा लिएर सडक खुलाउने प्रयास भइरहेको छ ।

साँफेबगर-मार्तडी-कोल्टे सडकमा वर्षा र लेदो आउने क्रम रोकिएपछि यातायात खुलाउन सकिने र अहिलेका लागि वैकल्पिक बाटोका लागि सहमति जुटाउने प्रयास भइरहेको विभागले जनाएको छ ।

शहीद मार्ग खुलाउन स्काभेटर परिचालन गर्ने तयारी भइरहे पनि अरू स्थानमा पहिरो गएकोले सो खण्डमा पुग्न कठिन भएको छ। मौरी पुलमा वर्षाका कारण अझै धेरै टुक्राटुक्री जम्मा भएपछि हटाउन उपकरण परिचालन गरिएको छ ।

हाल १३ सडक एकातर्फी मात्रै सञ्चालनमा छन् । कोशी राजमार्गको सम्माटार, पृथ्वी राजमार्गको बाँसबारी, त्रिभुवन राजपथको छत्तीस खोला, डुम्रे-बेंसीशहर-चामे सडकको उदिपुर, म्यार्दी भीरमा सडक अवरुद्ध छ ।

कोशी राजमार्गको फक्सिन्डा दोभानबाट वरुण खोलासम्मको सडक, अरनिको राजमार्गको कोदारी र बसेरी, पुष्पलाल राजमार्गको खहरे र दोबिल्ला, कर्णाली राजमार्गको जारकोटको सडक पनि एकातर्फी मात्र खुलाइएको छ। विसं २०७९ यता हालसम्म १९ राजमार्गको १०९ स्थान अवरुद्ध भएको छ । अवरुद्ध भएका स्थानमध्ये ८९ सडक खुलिसकेका छन् ।

## हल्कादेखि मध्यम वर्षाको सम्भावना

देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जन-चट्याङसहित हल्कादेखि मध्यम वर्षाको



सम्भावना रहेको छ । मनसुनको न्यूनचापीय रेखा सरदर स्थानको आसपास अवस्थित रहेकोले केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् सञ्जीव अधिकारीले बताए । उनका अनुसार अबको दुई तीन दिन लगातर भारी वर्षाको सम्भावना भने छैन ।

न्यूनचापीय रेखा सरदर स्थानबाट दक्षिणतिर सर्ने क्रममा रहेकोले अबको केही दिन मनसुनी गतिविधि कम हुने बताइएको छ। हाल देशभर सामान्य बदली रही थोरै स्थानमा हल्का वर्षा भइरहेको छ ।

रातको समय देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जन-चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुने तर गण्डकी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ। शुक्रवार पनि देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जन-चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।

# भेडिहारीको सामुदायिक विद्यालय तथा भवन परिसरमा वृक्षारोपण

प्रस, वीरगंज, १९ साउन/

कालिकामाई गाउँपालिका वडा नं २ भेडिहारीस्थित सामुदायिक विद्यालय तथा सार्वजनिक भवन परिसरमा वृक्षारोपण गरिएको छ ।




वडा नं २ को आयोजनामा भएको वृक्षारोपण कार्यक्रममा नेकपा एमालेका, पर्साका अध्यक्ष एवं संविधानसभा सदस्य जयप्रकाश थारूले बिरुवा रोपी कार्यक्रमको शुभारम्भ गरेका थिए। सुकई साह मावि, रामजानकी प्रावि, प्रस्तावित कन्या माविको जग्गा तथा नवनिर्मित सामुदायिक भवन परिसरमा विभिन्न सात प्रजातिका बिरुवा रोपिएको थियो।

वडाध्यक्ष सोनालाल चौरसियाको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय, सार्वजनिक भवनका परिसरमा बिरुवा रोपिनुका साथै वडावासीलाई समेत बिरुवा वितरण गरिएको थियो ।

वातावरणीय प्रतिकूलतामा सुधारका लागि वडामा यस वर्ष दुई हजार बिरुवा हुर्काउने लक्ष्य अनुरूप यो कार्यक्रम गरिएको वडाध्यक्ष चौरसियाले बताए ।

कार्यक्रममा नेकपा एमाले कालिकामाई गाउँपालिका कमिटीका अध्यक्ष अनुप तिवारी, सचिव विजय साह गोण, वडा नं १ का अध्यक्ष मोतीलाल कुर्मी, नेकपा एमाले वडा नं २ का अध्यक्ष मनमोहन चौरसिया, वडा नं ४ का अध्यक्ष जीतेन्द्र साह कलवार, जीराभवानी गाउँपालिका वडा नं १ र २ का अध्यक्ष, विद्यार्थी, शिक्षक तथा नागरिक अगुवाहरूको सहभागिता थियो।

## सिराहामा एक हजार.....

उद्योग र वाणिज्यतर्फ दर्ताबाट रु एक करोड ८१ लाख ३३ हजार २९८ राजस्व सङ्कलन भएको जनाएको छ । गत आव २०७८/७९ मा एक हजार ९१३ नयाँ उद्योग दर्ता भएका थिए। अघिल्लो आव २०७७/७८ मा पनि सबैभन्दा बढी कृषि तथा वन्यजन्यतर्फ एक हजार १२२, सेवा उद्योगतर्फ ६०५ र उत्पादन उद्योगतर्फ १८६ उद्योग दर्ता भएका थिए ।

अघिल्लो आव २०७७/७८ मा कृषि तथा वनजन्यतर्फ पशु, माछा तथा कृषि उद्योग एक हजार ११८, पशुपालन ५४ तथा कुखुरापालन १७ वटा नयाँ उद्योग दर्ता भएको सो कार्यालयले जनाएको छ।

जिल्लास्थित बैंक तथा वित्तीय संस्थाबाट कृषिजन्य उद्योगमा ऋण लगानी हुन थालेको र अन्य उद्योगभन्दा कृषिजन्य उद्योगलाई बढ्दो लोडसेडिङले खासै असर नपार्ने भएकोले कृषिजन्य उद्योगतर्फ स्थानीयवासी आकर्षित भएको प्रमुख यादवको भनाइ छ ।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**
चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. पन्नालाल पटेल ९८५५०३४१५५ सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज
५. डा. श्यामसुन्दर दास
६. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**
१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**
१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**
१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**
डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**
डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**
डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**
डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**
**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## श्रीलङ्काका राजापाक्षेद्वयलाई देश छाड्न प्रतिबन्धको म्याद थप

कोलम्बो, १९ साउन/एएनआई

श्रीलङ्काका दुई नेतालाई देश छाड्न प्रतिबन्ध लगाइएको समयावधिको म्याद थप गरिएको छ । सर्वोच्च अदालतले पूर्व प्रधानमन्त्री महिन्दा राजापाक्षे र पूर्व अर्थमन्त्री बसिल राजापाक्षेलाई प्रतिबन्ध लगाउने समयावधि थप्ने आदेश बुधवार दिएको हो। उनीहरूलाई आगामी अगस्त ११ सम्म देश छाड्न नपाउने आदेश दिइएको समाचारमा जनाइएको छ ।


पूर्वप्रधानमन्त्री महिन्दा राजापाक्षे । तस्वीरः एजेन्सी

पूर्व राष्ट्रपति गोटाबाया राजापाक्षे देश छाडेर भागेपछि अन्य नेताहरूलाई देश छाड्न प्रतिबन्ध लगाइएको हो । गोटाबायालाई भने तत्कालीन सरकार र सेनाले नै देशबाट बाहिरिन सहयोग गरेका थिए । अदालतले यस अघि गत जुलाई २८ मा पनि अनुमतिविना देश नछाड्न दुवैजनालाई आदेश दिएको थियो।

यसैबीच अपराध अनुसन्धान विभागले मङ्गलवार तीनजनालाई पक्राउ गरेको थियो । पक्राउ परेकामध्ये एक जना १८ र एकजना २२ वर्षका रहेको खुलेको छ ।

श्रीलङ्कामा आर्थिक सङ्कटका कारण राजनीतिक सङ्कट पनि उत्पन्न भएको छ। आर्थिक सङ्कटका कारण शुरू भएको आन्दोलनका कारण राजनीतिक उथलपुथल भएको छ। सङ्कट समाधानका विभिन्न प्रयास भए पनि ठोस उपलब्धि भने हुन सकेको छैन। रासस

## सुडानमा खाद्यान्नको चरम सङ्कट पर्न लागेको संयुक्त राष्ट्रसङ्घको चेतावनी

खार्तुम, १९ साउन/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घले सुडानमा खाद्य सङ्कट पर्न सक्ने चेतावनी दिएको छ ।


तस्वीरः एएफपी

राष्ट्रसङ्घले यस अघि पनि कैयौं पटक यहाँ खाद्य सङ्कट पर्न सक्ने बताउँदै आएको छ । खाद्यान्नको अभाव टार्न आवश्यक अन्तर्राष्ट्रिय सहयोग उपलबध हुन नसक्ने हो भने छिट्टै नै खाद्यान्नको अभाव पर्ने राष्ट्रसङ्घले जनाएको छ ।

राष्ट्रसङ्घको मानवीय सहायतासम्बन्धी निकायले बुधवार सो कुरा बताएको हो। सो निकायले प्रकाशन गरेको विज्ञप्तिमा यहाँ छिमेकी देशहरू दक्षिण सुडान, इरिट्रिया, इथियोपियालगायतबाट शरणार्थीहरू आइरहेका तर खाद्यान्नको प्राप्तिका स्रोतहरू नरहेकाले निकट भविष्यमैं सङ्कट पर्न सक्ने जनाएको हो ।

यहाँ खाद्यान्न उत्पादन हुन छोडेको र विदेशी दाताहरूबाट प्राप्त सहयोगले मात्र जीविका चल्ने गरेकोले यहाँको अवस्था नाजुक बन्दै गएकोले यहाँका नागरिकहरूमा आन्तरिकरूपमा विस्थापित हुने सङ्ख्या पनि बढ्दै गएको पाइएको बताइएको छ । जूनदेखि सेप्टेम्बरसम्म यहाँको करीब एक चौथाई जनसङ्ख्या खाद्यान्नको सङ्कटमा पर्ने देखिएको र अब त्योभन्दा पनि बढी हुन सक्ने सो संस्थाले जनाएको छ । हाल सुडानमा आन्तरिकरूपमा विस्थापित भएकाबाहेक पाँच लाख ५० हजार शरणार्थीलाई विश्व खाद्य कार्यक्रमले सहयोग गर्दै आएको छ ।

आगामी दिनमा यदि अहिलेजस्तै सङ्कट पर्दै जाने र विदेशी दाताहरूबाट सहयोग प्राप्त नहुने हो भने शरणार्थीलाई दिइँदै आएको सुविधामा कटौती गर्नुपर्ने अवस्था आउने सो कार्यक्रमले जनाएको छ । रासस

## अमेरिका र भारतका विदेशमन्त्रीबीच भेटवार्ता

न्होमपेन, १९ साउन/एएनआई

अमेरिका र भारतका विदेशमन्त्रीबीच कम्बोडियामा भेटवार्ता


तस्वीरः एएनआई

भएको छ ।

दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्घ (आसियान) को मन्त्रीस्तरीय बैठकका क्रममा उनीहरूबीच बिहीवार भेटवार्ता भएको अधिकारीहरूले जानकारी दिएका छन् ।

बैठकमा भाग लिन भारतका विदेशमन्त्री एस जयशङ्कर, अमेरिकाका विदेशमन्त्री एन्टोनी ब्लिन्केनलगायत नेताहरू कम्बोडियामा छन् ।

भेटवार्ता अति नै राम्रो भएको र समसायिक विषयमा सामान्य छलफल भएको दुवै पक्षका अधिकारीहरूले बताएका छन् । अमेरिकी विदेशमन्त्री ब्लिन्केनले यस भेटलाई आफूले राम्रो अवसरका रूपमा लिएको प्रतिक्रिया दिएका छन् ।

उनीहरूले खुला तथा स्वतन्त्र इन्डोपेसेफिक र श्रीलङ्का सङ्कटबारे पनि छलफल गरेको जनाइएको छ । "मेरो लामो समयदेखिको साथी, भारतका विदेशमन्त्री एस जयशङ्करसँग राम्रो भेटवार्ता भयो, हामीले समसामयिक र साझा चासोका विविध विषयमा छलफल गरेका छौं, सहकार्यलाई बलियो बनाउने बारे पनि कुराकानी भयो"–ब्लिन्केनले भने ।

जयशङ्कर विदेशमन्त्रीका रूपमा १२ औं देशको भ्रमण गर्ने क्रममा बुधवार कोलम्बिया पुगेका हुन् ।

आसियानमा ब्रुनाई, कम्बोडिया, इन्डोनेशिया, लाओस, मलेशिया, म्यान्मा, फिलिपिन्स, सिङ्गापुर, थाइल्यान्ड, भियतनामलगायत देशहरू पर्दछन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – कडाश्रम |
| मिथुन – सुसमाचार | कर्कट – भयचिन्ता |
| सिंह – मित्रमिलन | कन्या – अतिथिआगमन |
| तुला – सुयश | वृश्चिक – खर्चवृद्धि |
| धनु – सफलता | मकर – पदोन्नति |
| कुम्भ – रोगभय | मीन – व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

रानीघाट–पोखरिया बस समिति
भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

वीरगंज महानगरपालिकाको सूचना
घर निर्माण गर्दा निर्धारित मापदण्डको पालना गरौं, शहरको सौन्दर्यीकरणमा सहयोग गरौं ।
वीरगंज महानगरपालिका कार्यालय

## मधेस प्रदेशको अधिकारका लागि मधेस प्रदेश प्रमुखलाई अल्टिमेटम दिने –मन्त्री साह

प्रस, रौतहट, १९ साउन/

मधेस प्रदेशका गृह तथा सञ्चार मन्त्री भरत साहले मधेस प्रदेशको अधिकारका लागि नेपाल सरकारका मधेस प्रदेश प्रमुखलाई अल्टिमेटम दिने बताएका छन् ।

बिहीवार रेड टेलिभिजनको दोस्रो वार्षिकोत्सवमा संस्थापक अध्यक्ष स्व रामा यादवको सालिक अनावरण कार्यक्रममा मन्त्री साहले आइतवार २२ गते ११ बजे मधेस प्रदेश प्रमुखसमक्ष अल्टिमेटमसहितको ज्ञापनपत्र बुझाउने बताए। मधेस प्रहरी तथा शान्ति सुरक्षाको जिम्मा प्रदेशको अधिकारभित्र राख्नुपर्नेमा सङ्घीय सरकारले आश्वासन मात्र दिंदै आए पनि हालसम्म अधिकारबाट वञ्चित गराएकोले मधेस प्रदेशले आन्दोलन गर्ने बताए ।

अल्टिमेटमपश्चात् पनि अधिकारबाट वञ्चित गराउन खोजेमा सभामुखको नेतृत्वमा सर्वदलीय बैठक बसी आन्दोलनका कार्यक्रम तय गरिने मन्त्री




साहले बताए ।

ऐतिहासिक आन्दोलन, जनान्दोलन र मधेस आन्दोलनको उपज नै देशमा सङ्घीयता आएको बताउँदै उनले मधेस प्रदेशलाई सबल, सुदृढ बनाउन आवश्यक रहेको बताए । रेड टलिभिजनका सञ्चालक जयप्रकाश यादवको अध्यक्षतामा भएको कार्यक्रममा मधेस प्रदेशसभा सदस्य बाबुलाल साह, नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका सदस्य शैलेन्द्र झा, रौतहट का अध्यक्ष प्रेमचन्द्र झा, नेकपा माओवादी केन्द्रका विन्देश्वर यादव, शिक्षक योगेन्द्र यादवलगायतले शुभकामना मन्तव्य दिएका थिए ।

## निर्वाचनको मिति घोषणासँगै तयारीमा जुट्यो निर्वाचन आयोग

काठमाडौं, १९ साउन/रासस

निर्वाचन आयोगले नेपाल सरकारबाट तोकिएको आउँदो मङ्सिर ४ गते हुने सङ्घीय र प्रदेशसभा सदस्यको निर्वाचन एकै चरणमा सम्पन्न गराउन



तस्वीरः रासस

आजैदेखि औपचारिकरूपमा तयारी शुरू गरेको छ । तोकिएको दिन स्वतन्त्र र निष्पक्षरूपमा निर्वाचन गराउन आफू पूर्ण सक्षम रहेको आयोगले आज स्पष्ट गरेको छ ।

आयोगका पदाधिकारीले गत असार २२ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर वर्तमान सांसदहरू निर्वाचित भएको मितिका आधारमा आउँदो मङ्सिर २१ गते उनीहरूको कार्यकाल सकिने भएकाले सो अगाडि मङ्सिर ४ गते निर्वाचन गर्न उपर्युक्त हुने परामर्श दिएको थियो। सोही परामर्शका आधारमा सत्ता गठबन्धनका शीर्ष नेताहरूको बुधवारको बैठकले उक्त मितिमा सहमति जनाएपछि आज भएको नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकले निर्वाचनको मिति तोकेको हो ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २ को खण्ड (झ) मा निर्वाचन हुने मितिभन्दा १२० दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई 'निर्वाचन अवधि' भनी परिभाषा गरेको हुँदा निर्वाचनको मिति तोक्दा ऐनको सो व्यवस्थाबमोजिम निर्वाचन हुने दिनभन्दा कम्तीमा १२० दिन अगाडिदेखि निर्वाचन अवधि कायम हुने गरी मिति तोक्न आयोगले सरकारलाई परामर्श दिएको थियो । आयोगले मिति घोषणा भएको आजको मितिले १०७ कार्य दिन बाँकी रहे पनि यही अवधिलाई उपयोग गर्दै निर्वाचन सम्पन्न गराउने प्रतिबद्धता व्यक्त गरेको छ ।

सरकारले मिति तोकेलगत्तै आज प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासहित आयुक्तहरू सम्मिलित पत्रकार सम्मेलनमा आयोगले यसबीचमा भएका निर्वाचनका आन्तरिक तयारीलाई अब औपचारिकरूपमा तीव्रता दिने जनाएको हो । प्रमुख आयुक्त थपलियाले मङ्सिर ४ गतेको निर्वाचनका लागि अर्जुनदृष्टि दिएर निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहितरूपमा सम्पन्न गर्ने तयारी शुरू भएको स्पष्ट गरे । उनले दशैंलगत्तै उम्मेदवारी मनोनयन हुने गरी निर्वाचन कार्यक्रम र कार्यतालिका आउने जानकारी दिंदै उम्मेदवारी मनोनयन गरेपछि वर्तमान सांसदहरूको पदावधि सकिने गरी कानून स्पष्ट गराउन आयोगले सुझाव दिइसकेको बताए। संविधानसभाबाट संविधान जारी भएपछिको यो दोस्रो आमनिर्वाचनमा सबै दल र उम्मेदवारलाई बराबर 'खेल मैदान' उपलब्ध गराउन आयोगले कुनै कसर बाँकी नराख्ने प्रमुख आयुक्त थपलियाको भनाइ छ ।

एकै चरणमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न गर्नेगरी आयोगको परामर्शमा नेपाल सरकारबाट मिति तोकिएकोमा आयोगले नेपाल सरकारलाई धन्यवाद दिएको छ। आयोगले दिएको परामर्श अनुसार नै निर्वाचनको मिति तोकिएसँगै प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको कार्यकाल कहिलेदेखि प्रारम्भ भन्ने सम्बन्धमा रहेको संवैधानिक तथा कानूनी अस्पष्टता अब सदाका लागि अन्त्य भएको र यसबाट आगामी आवधिक निर्वाचनको निम्ति पनि मार्गप्रशस्त भएको आयोगको भनाइ छ ।

**१० लाख मतदाता बढ्ने**

आयोगले यसअघि शुरू गरेको मतदाता नामावाली सङ्कलन कार्य यही साउन २० गतेपछि स्थगन गर्ने र यसअघि अनलाइनबाट नामावली सङ्कलनका लागि समय लिएकाहरूलाई साउन २१ गतेसम्म समय दिने तय गरेको छ । मतदाता नामावली ऐन, २०७३ अनुसार प्रदेश निर्वाचन कार्यालय, जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयबाट भइरहेको मतदाता नामावली सङ्कलन मिति २०७९ साउन २० गतेदेखि स्थगित हुने भएको हो । अनलाइन फाराम भरी औंठा छाप र फोटो खिच्नका लागि आवेदन मिति निर्धारण भएका व्यक्तिको हकमा मिति २०७९ साउन २१ गतेसम्म औंठा छाप र फोटो लिने व्यवस्था मिलाइएको छ ।

आयोगले गत असार १ गतेदेखि मतदाता नामावली सङ्कलन कार्य शुरू गरेको थियो । प्रमुख आयुक्त थपलियाले यसबीचमा भएको नामावली सङ्कलनबाट करीब १० लाख मतदाता थपिने अनुमान गरिएको बताए । गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा कुल एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता रहेका थिए ।

**दल दर्ता प्रक्रिया शुरू हुने**

आयोगले अब हुने निर्वाचनका लागि चाँडै दल दर्ता प्रक्रिया शुरू गर्नेछ । नेपालको संविधानको धारा २७१ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता प्रक्रिया तुरुन्त प्रारम्भ हुने भएको हो । स्थानीय तहको निर्वाचनमा कुल ७९ दल दर्ता भएकामा ६५ दलले भाग लिएका थिए भने २४ दलले जीत हासिल गरेका थिए ।

यसैगरी, आयोगले अन्तर्राष्ट्रिय तहबाट पर्यवेक्षण गराउन चाँडै आह्वान गर्दैछ। आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार मतदान स्थल र मतदान केन्द्रको पुनरावलोकन, निर्वाचन कार्यक्रम स्वीकृति, समानुपातिक निर्वाचन प्रणालीका लागि कार्यालय स्थापना, जनशक्ति व्यवस्थापन, बजेट तर्जुमा र आर्थिक निर्देशिकाको स्वीकृति, अन्य आवश्यक निर्देशिका, कार्यविधि र मापदण्डको तर्जुमा गर्न तयारी भएको छ । स्थानीय तहको निर्वाचनमा रु आठ अर्ब ११ करोड विनियोजन गरिएकोमा रु पाँच अर्ब ४० करोड खर्च भएको थियो भने अबको निर्वाचनमा रु १० अर्ब खर्च हुने अनुमान गरिएको छ ।

**मतदान स्थल र मतदान केन्द्र अद्यावधिक हुँदै**

आयोगले मतदान स्थल र मतदान केन्द्र पुनरावलोकनका लागि कार्ययोजना बनाइ सम्बन्धित मन्त्रालय र निकायसँग समन्वय गरी मतदान स्थल र मतदान केन्द्र निर्धारण समन्वय समितिको बैठकबाट सिफारिश गर्न यही साउन ८ गते सूचना जारी गरिसकेको छ। प्राप्त सिफारिशका आधारमा मतदान स्थल र केन्द्र अद्यावधिक हुनेछ। स्थानीय तहको निर्वाचनमा १० हजार ७५६ मतदान स्थल र २१ हजार ९५५ मतदान केन्द्र रहेका थिए ।

# मन्दिर तोडफोड गर्नेलाई कारबाईको माग गर्दै ज्ञापन


तस्वीरः सौजन्य

प्रस, वीरगंज, १९ साउन/

बाराको फेटा गाउँपालिका–३ स्थित बौधीमाई मन्दिरमा तोडफोड भएको घटनाको विरोधमा नेपाल विश्व हिन्दू महासङ्घ, बाराले ज्ञापनपत्र बुझाएको छ । बाराका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवाल र फेटा गापाका अध्यक्ष रूस्तम अन्सारीलाई सङ्घका कावा अध्यक्ष सुरेन्द्र शर्माले ज्ञापनपत्र बुझाउँदै घटनामा संलग्न दोषीहरूलाई कारबाईको माग गरे ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी कटुवालले अपराधीलाई कुनै पनि हालतमा कानूनको कठघरामा उभ्याउने बताए। उनले घटनाको छानबीन भइरहेको बताउँदै अपराधी उम्कन नपाउने बताए ।

यसैगरी, फेटा गापाका अध्यक्ष रूस्तम अन्सारी दुई तिहाइ बहुमतले जिताएको जनता नै आफ्नो लागि सर्वोपरी हुने बताए । उनले घटनाका दोषीलाई सजाइ दिलाइ छाड्ने प्रतिबद्धता जनाए ।

ज्ञापनपत्र बुझाउन आएको महासङ्घका पदाधिकारीहरूले घटनास्थलको अवलोकन गरेका थिए । सो मन्दिरमा अहिले मरम्मत भइरहेको छ भने मन्दिर रेखदेखको लागि मानिस पनि खटाइएको छ। महासङ्घका केन्द्रीय महासचिव अभिषेक तिवारी, पर्साका कावा अध्यक्ष सन्दीप साह, राजकिशोर दास, डा अनिल झालगायतले घटनास्थलको अनुगमन गरेका थिए ।

# एक वर्षमा करेन्ट लागेर १२ जनाले ज्यान गुमाए

सप्तरी, १९ साउन/रासस

लापरवाहीका कारण सप्तरीमा एक वर्षको अवधिमा करेन्ट लागेर १२ जनाले अकालमा ज्यान गुमाएका छन् ।

आर्थिक वर्ष २०७८–७९ को तथ्याङ्क हेर्दा करेन्ट लागेर ज्यान गुमाउनेको सङ्ख्या १२ र घाइते हुनेको सङ्ख्या २६ जना पुगेको जिल्ला प्रहरी कार्यालय, सप्तरीले जनाएको छ । तीमध्ये चार महिला, छ पुरुष र दुई बालक छन् । करेन्टका ४० घटनामा तीन चौपायाको मृत्यु भएको सो कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए ।

उनका अनुसार घटनामा १२ महिला, आठ पुरुष र छ बालक घाइते भए । ज्यान गुमाउनुको मुख्य कारण मानवीय लापरवाही र विद्युत् प्राधिकरणको पनि लापरवाही हुने गरेको जिल्ला प्रहरी कार्यालयको निष्कर्ष रहेको छ। बुधवार मात्र जिल्लाको कञ्चनरूपमा बुहारीलाई करेन्ट लागेको देखेर जोगाउन जाँदा ससुरासमेतको मृत्यु भएको छ ।

कञ्चनरूप नगरपालिका–६ घोघनपुरका नरेश सरदारकी पत्नी २० वर्षीया अञ्जली सरदारलाई करेन्ट लागेको देखेर जोगाउन गएका उनका काका ससुरा ४० वर्षीय मधु भन्ने सौदानन्द सरदारको समेत मृत्यु भएको सप्तरी प्रहरीले जनाएको छ। घरआँगनमा रहेको ट्युबेलमा जडान रहेको पानी तान्ने मोटर चलाउँदा अञ्जलीलाई करेन्ट लागेको थियो। करेन्ट लागेर घाइते दुवै जनालाई उपचारका लागि प्राथमिक स्वास्थ्यचौकी कञ्चनरूप लगिएको थियो। स्वास्थ्यचौकीमा परीक्षण गर्दा चिकित्सकले दुवैजनाको मृत्यु भएको घोषणा गरेका थिए ।

यसैगरी जिल्लाको राजगढ गाउँपालिका–२ कमलपुर बस्ने दुःखी साहको छोरा ५६ वर्षीय शिवशङ्कर साहको समेत मङ्गलवार करेन्ट लागेर मृत्यु भएको छ । आफ्नै घरको आँगनमा रहेको चापाकलमा जडान गरिएको पानी तान्ने मोटरबाट करेन्ट लागी मृत्यु भएको प्रहरीले जनाएको छ ।


## सर्पदंश (सर्पको टोकाइ)बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झूलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**





### सङ्क्रमणको चौथो लहर....

सङ्क्रमण देखिने गरेको छ । ती मानिसहरूले नै सङ्क्रमण सारिरहेका छन्।

जनस्वास्थ्यविद् डा सागरराज भण्डारीले साउनदेखि नै कोरोना भाइरस सङ्क्रमणको चौथो लहर शुरू भएको बताउँछन् । "सङ्क्रमणको पाँच प्रतिशतभन्दा माथि भयो भने अर्को लहर आएको भन्ने हुन्छ," उनले भने, "नेपालमा अहिले बढेको सङ्क्रमणको अवस्था हेर्दा १५ प्रतिशतकै हाराहारीमा रहेको छ।"

उनले अहिलेको सङ्क्रमणको तह माथिल्लो तह (पिक लेभल)मा पुगेपछि पुनः घट्ने बताउँछन् । उनले भारतको खुला सिमाना र विदेशबाट आएका सङ्क्रमितले सङ्क्रमण सार्ने गरेको बताउँछन् । उनका अनुसार अहिले देखिएको 'विएफाइभ' भेरियन्टले छिटो मानिसमा सारे पनि सङ्क्रमितलाई भने गम्भीर बनाउँदैन । उनले सङ्क्रमित बढिरहेकाले जनस्वास्थ्यका मापदण्ड लागू गर्न र कोरोना भाइरसको चौथो बुस्टर लगाउन आग्रह गरे ।

नेपालमा पहिलोपटक २०७६ माघ ९ गते सङ्क्रमण पुष्टि भएको थियो । यस्तै, दोस्रो सङ्क्रमित चैत १० गते देखिएको थियो । सरकारले दोस्रो सङ्क्रमित देखिएपछि मुलुकभर बन्दाबन्दी (लकडाउन) गरेको थियो ।

नेपालमा पहिलो लहर विसं २०७६ चैतदेखि २०७७ मङ्सिरसम्म चलेको थियो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीका अनुसार सङ्क्रमणका दोस्रो लहर विसं २०७७ वैशाखदेखि भदौसम्म तथा तेस्रो लहर २०७८ पुसदेखि फागुनसम्म देखिएको थियो ।

# खेलकूदको संसार

## सातजना खेलाडी सम्मानित

काठमाडौं, १९ साउन/रासस

खेलकूद क्षेत्रमा योगदान पुऱ्याएबापत सातजना खेलाडी 'हाम्रो खेलकूद सर्वकालीन सम्मान'बाट सम्मानित भएका छन् ।

हाम्रो खेलकूद डट कमको सातौं वार्षिकोत्सवका अवसरमा बिहीवार आयोजित एक कार्यक्रममा खेल क्षेत्रमा आआफ्नो समयमा महत्त्वपूर्ण योगदान गरेका धावक जीतबहादुर केसी र धावक वैकुण्ठ मानन्धर, फूटबलका राजुकाजी शाक्य,



तस्वीरः सौजन्य

ओलम्पियन तेक्वान्दोकी सङ्गीना वैद्य, तेक्वान्दोकै दीपक विष्ट, क्रिकेटका पूर्वकप्तान पारस खड्का र पौडीकी गौरिका सिंह सर्वकालीन सम्मानबाट सम्मानित भए ।

सम्मानित खेलाडीले जनही रु २५ हजारसहित सम्मानपत्र प्राप्त गरे । सम्मानित व्यक्तित्वलाई सांसद गगन थापा, राष्ट्रिय खेलकूद परिषद् (राखेप)का सदस्य–सचिव टङ्कलाल घिसिङ, नेपाल ओलम्पिक कमिटीका महासचिव नीलेन्द्रराज श्रेष्ठ, काभ्रे बेथानचोक गाउँपालिकाका निवर्तमान अध्यक्ष प्रेमबहादुर तिमिल्सिना, नेपाल खेलकूद पत्रकार मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदी र नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घका अध्यक्ष दीपक श्रेष्ठलगायतले पुरस्कार प्रदान गरे ।

**जीतबहादुर केसी (एथलेटिक्स)**

केसीले झन्डै पाँच दशकअघि एशियन एथलेटिक्स च्याम्पियनशिपमा कांस्य पदक हात पारेका थिए । फिलिपिन्समा भएको च्याम्पियनशिपको म्याराथनमा केसीले दुई घण्टा ३५ मिनेट ३८ सेकेन्डमा पूरा गर्दै तेस्रो स्थान हासिल गरेका थिए। उनले जितेको नेपालको त्यो नै पहिलो अन्तर्राष्ट्रिय पदक हो ।

**वैकुण्ठ मानन्धर (एथलेटिक्स)**

सन् १९८४ मा शुरू भएको सागमा मानन्धरले लगातार तीन संस्करणमा म्याराथनमा स्वर्ण पदक जितेका थिए। सागमा स्वर्ण पदकमा ह्याट्रिक गर्ने उनी नै पहिलो नेपाली हुन्। सन् १९८७ मा भएको तेस्रो सागमा उनले म्याराथनमा कीर्तिमान रचेका थिए । त्यति बेलाको उनको दुई घण्टा १५ मिनेट ३ सेकेन्डको कीर्तिमान अहिलेसम्म भङ्ग हुन सकेको छैन ।

**राजुकाजी शाक्य (फूटबल)**

सागको पहिलो संस्करण सन् १९८४ र छैटौं १९९३ मा फूटबलतर्फ स्वर्ण जित्दा शाक्य टोलीका महत्त्वपूर्ण सदस्य थिए। छैटौं संस्करणमा नेपाली फूटबलले स्वर्ण भित्र्याउँदा उनी टोलीका कप्तान थिए। प्रशिक्षकका रूपमा सन् २०१६ मा भारतमा भएको सागको १२औं संस्करणमा २३ वर्षमुनिको फूटबल टोलीलाई उनले स्वर्ण दिलाएका थिए ।

**सङ्गीना वैद्य (तेक्वान्दो)**

विश्व खेलकूदको महाकुम्भ ओलम्पिकमा सन् १९६० देखि नेपाली खेलाडीले सहभागिता जनाउन शुरू गरे पनि सङ्गीनाले सन् २००४ को एथेन्स ओलम्पिकका लागि छनोट चरण पार गरेकी थिइन्। स्वदेशमा आयोजना भएको सन् १९९९ को आठौं र २००४ को नवौं सागमा स्वर्णपदक जितेकी थिइन् । उनी तेक्वान्दोकी एशियन च्याम्पियन पनि हुन् ।

**दीपक विष्ट (तेक्वान्दो)**

दीपकले स्वदेशमा सन् १९९९ मा आयोजना भएको आठौं सागदेखि लगातार चार संस्करणमा तेक्वान्दोतर्फ स्वर्ण जितेका थिए। त्यस्तै, उनले सन् २००२ र २००६ मा एशियाली खेलकूदमा कांस्य जितेका थिए। छनोट चरण पार गरेर ओलम्पिकमा सहभागिता जनाउने दोस्रो खेलाडीका रूपमा पनि उनले बेजिङ ओलम्पिक २००८ खेलेका थिए ।

**पारस खड्का (क्रिकेट)**

पारस नेपाली क्रिकेट इतिहासका सफल कप्तान र खेलाडी हुन्। नेपालले अहिलेसम्म खेलेको एकमात्र टी–२० विश्वकप सन् २०१४ खेल्दा होस् वा सन् २०१८ मा एकदिवसीय मान्यता प्राप्त गर्दा होस्, दुवैमा पारस नै टोलीका कप्तान थिए ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को पहिलो उपाधि डिभिजन पाँच हुँदै चार र तीनको उपाधि उनकै नेतृत्वमा नेपालले जितेको थियो ।

**गौरिका सिंह (पौडी)**

तीन वर्षअघि नेपालमा नै भएको १३औं सागमा गौरिकाले चार स्वर्ण पदकसहित नौ पदक जितेकी थिइन् । सागको पौडीतर्फ व्यक्तिगत स्पर्धामा स्वर्ण जित्ने उनी पहिलो नेपाली खेलाडी बनेकी थिइन् ।

## राष्ट्रिय स्क्वाश प्रतियोगिता

काठमाडौं, १९ साउन/रासस

चौथो धनलक्ष्मी स्मृति राष्ट्रिय स्क्वाश प्रतियोगिता अन्तर्गत मास्टर खुलातर्फको विधामा दिलीप अधिकारी फाइनलमा पुगेका छन् ।



दिलीप अधिकारीले कर्नेल इन्द्रबहादुर कार्कीलाई २–१ ले पछि पार्दै फाइनलमा पुगेका हुन्। यसैगरी, आजै भएको दोस्रो सेमिफाइनल खेलको प्लेट च्याम्पियनशिपतर्फको विधामा राजकृष्ण महर्जनले कमल शाक्यलाई ३–१ ले पराजित गर्दै फाइनलमा पुगे ।

राजकृष्णले कमललाई ४–११, ११–५, ११–९, ११–९ स्कोरले पराजित गरेका थिए। सोही विधाको अर्को खेलमा प्रयाग जोशीले जुनिल शाक्यलाई ३–१ ले पराजित गरे । प्रयागले जनिलमाथि १२–१०, ११–३, ८–११, ११–३ को स्कोरले पाखा लगाए ।

शुक्रवार पुरुष खुला, मास्टर खुला, महिला खुला तथा छात्र यु–१९ विधाका सेमिफाइनल खेल सञ्चालन हुनेछन् । प्रतियोगिता यही साउन २१ गतेसम्म सञ्चालन हुनेछ ।